म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक ८५ मंगलबार १४ कात्तिक २०८० ने. सं. ११४३ कौलागा 31 October 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## रातोमाटेबाट पटाका र कपडा बरामद

हेटौंडा, १३ कात्तिक/ जिल्ला प्रहरी कार्यालय मकवानपुरले हेटौंडा उपमहानगरपालिका-१५ स्थित रातोमाटेबाट पटाका र कपडा बरामद गरेको छ । हेटौंडा उपमहानगरपालिका वडा नम्बर १५ रातोमाटेस्थित पूर्वपश्चिम राजमार्गअन्तर्गत् बीरगञ्जबाट हेटौंडातर्फ आउँदै गरेको ना. ४ ख ३८९८ नम्बर ट्यांकर र ना. ४ ख ६०३१ नम्बर बसलाई जाँच गर्दा पटाका र कपडा बरामद गरेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

प्रदेश प्रहरी कार्यालयका अनुसार कात्तिक १२ गते बेलुका प्रहरी चौकी रातोमाटेको टोलीले ना. ४ ख ३८९८ नम्बर ट्यांकरबाट विभिन्न किसिमका-१६ प्याकेट पटाका (१५५ पिस) बरामद गरिएको हो । यसैगरी, ना. ६ ख ६०३१ नम्बर बसबाट उनीको कुर्ता २६ पिस, कटनको कुर्ता सुरुवाल-२ पिस, साडी १५ पिस फेला पारी बरामद गरिएको मकवानपुर प्रहरीले जानकारी दिएको छ । प्रहरीका अनुसार बरामद गरिएको कपडा ६९ हजार रुपैयाँ बराबरको रहेको बताइएको छ ।

# दशैंभर मकवानपुरका चारसहित बागमतीमा १७ को मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, १३ कात्तिक/ नेपालीहरुको महान चाड विजया दशमी (दशैं) को कात्तिक १ देखि ११ गतेसम्म मकवानपुरमा सवारी दुर्घटना र अन्य घटनामा गरी चार जनाको मृत्यु भएको छ ।

चाडपर्वमा सवारी साधनको चाप बढ्नु, लापरबाहीसँग सवारी चलाउनुलगायत कारणले दुर्घटना बढी हुने गरेका छन् । २०८० सालको दशैंमा मकवानपुरको हेटौंडा उपमहानगरपालिका, बागमती गाउँपालिका, भीमफेदी गाउँपालिकामा भएको सवारी दुर्घटनामा परी तीन जनाले ज्यान गुमाएको जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ । दुर्घटना बाहेकको घटनामा भीमफेदी गाउँपालिकामा एक वृद्धको भीरबाट लडेर मृत्यु भएको छ ।





मकवानपुरमा दशैंको एक साता अवधिमा १४ वटा सवारी दुर्घटना भएको ट्राफिक प्रमुख प्रहरी निरीक्षक बसन्त आचार्यले जानकारी दिए । जिल्लाको विभिन्न १२ स्थानमा १४ वटा सवारी दुर्घटनामा परेको हो । मृत्यु हुनेहरु दुई पाङ्ग्रे सवारीबाट दुर्घटनामा परेका थिए ।

धरान-चतरा सडकखण्डअन्तर्गत् जिल्लाको पूर्वी क्षेत्रस्थित बागमती गाउँपालिका-७ लामिटारमा भएको मोटरसाइकल दुर्घटनामा घाइते चालक बागमती-६ ठाडीखोला बस्ने २२ वर्षीय सन्तोष दर्लामीको मृत्यु भएको हो ।

झुरझुरेबाट हेटौंडा आउँदै गरेको ना. ३० प ३४८१ नम्बर मोटरसाइकल आफैं अनियन्त्रित भई बिजुलीको पोलमा ठोक्किएर दुर्घटना हुँदा दलार्मी घाइते भएका थिए । दर्लामीको अन्नपूर्ण न्यूरो अस्पताल काठमाडौंमा उपचारको क्रममा शनिबार राति ज्यान गएको मकवानपुरका प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक लक्ष्मी भण्डारीले बताए ।

मकवानपुरमा अन्य दुई जनाको स्कुटर र क्रेन दुर्घटनामा परी मृत्यु भएको थियो । भीमफेदीमा सवारी दुर्घटना हुँदा काठमाडौं महानगरपालिका वडा २७ महाबौद्ध निवासी ६२ वर्षकी राज्यश्री थापा क्षेत्री, हेटौंडा-१५ चुरियामाईमा क्रेन दुर्घटना हुँदा वीरगञ्ज महानगर पालिका-३० बिश्रामपुर बस्ने क्रेनका सहचालक १८ बर्षीय विपिन महत्तोको मृत्यु भएको हो ।

स्कुटर चालक थापाका श्रीमान ६५ वर्षीय शशीराज पाण्डेको हेटौंडा अस्पतालमा उपचार भइरहेको छ । दशैं अवधिभर दुर्घटनामा परी ७० जना घाइते भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायव उपरीक्षक भण्डारीले जानकारी दिए । उनका अनुसार घाइतेमध्ये ११ जनाको अवस्था गम्भीर रहेको छ ।

गतवर्षको दशैंमा भएको सवारी दुर्घटनाको अवस्थालाई हेर्दा यसवर्षको दशैंमा बढी दुर्घटना भएको छ । गतवर्षको दशैं अवधिमा ६ स्थानमा ९ वटा सवारी साधन दुर्घटना भएका थिए । ती दुर्घटनामा तीन जनाको मृत्यु भएको थियो भने ५३ जना घाइते भएका थिए ।

यसवर्षको दशैंमा बढी भाडा लिएको १० वटा सवारी साधनलाई कारबाही गरिएको डीएसपी भण्डारीले बताए । ६६ जनाको यात्रुको बढी भाडा २३ हजार २ सय २५ रुपैयाँ रकम फिर्ता गरिएको उनले बताए । मादक पदार्थ सेवन सवारी चलाउने १८ वटा, सिट क्षमताभन्दा बढी यात्रु राख्ने सवारी १ सय ७१ वटा, टिकट जारी नगर्ने ५८ वटा सवारीसाधन, अन्य ४ सय ६३ वटा गरी कूल सातसय २० वटा सवारी साधनलाई कारबाही गरिएको डीएसपी भण्डारीले बताए ।

**बागमती प्रदेशमा १७ जनाको मृत्यु**

चाडपर्वको समयमा बागमती प्रदेशका उपत्यका बाहेक १० जिल्लामा भएका विभिन्न घटनामा परेर १७ जनाको मृत्यु भएको छ ।

मकवानपुरसहित चितवन, धादिङ, नुवाकोट, रसुवा, काभ्रे, सिन्धुपाल्चोक, दोलखा, रामेछाप र सिन्धुली गरी १० जिल्ला क्षेत्राधिकार रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाका अनुसार विभिन्न घटनामा गरेर १७ जनाको मृत्यु भएको छ । सवारी दुर्घटनामा परेर भने बागमती प्रदेश भर ६ जनाको मृत्यु भएको छ । दशैं अवधिमा भएका दुर्घटनामा परेर प्रदेशका ३ जिल्लामा ६ जनाको मृत्यु भएको हो । प्रदेशको मकवानपुर, चितवन र नुवाकोटमा भएका सवारी दुर्घटनामा परेर ६ जनाको मृत्यु भएको छ ।

दशैंको अवधिमा प्रदेशका ३ जिल्लामा ६ वटा सवारी दुर्घटना भएका छन् । जसमध्ये मकवानपुरका ४, चितवन र नुवाकोटमा १/१ वटा सवारी दुर्घटना भएको थियो । दुर्घटना बाहेकको अन्य घटनामा ११ जनाको मृत्यु भएको थियो ।

गत कात्तिक ३ देखि ११ गतेसम्मको अवधिमा प्रदेशको मकवानपुर, धादिङ, सिन्धुपाल्चोक, नुवाकोट, चितवन र काभ्रेमा भएका विभिन्न घटनामा परेर ११ जनाको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक दीपक रेग्मीले जानकारी दिए । रेग्मीका अनुसार चितवनमा ४, धादिङमा २, नुवाकोटमा २, सिन्धुपाल्चोक, काभ्रे र मकवानपुरका १/१ वटा घटनामा ११ जनाको मृत्यु भएको हो ।

मकवानपुरको भीमफेदी गाउँपालिकामा आइतबार दिउँसो ३ नम्बर वडाको बेसारघारीका ७० वर्षीय गणेशबहादुर स्याङ्तानको भीरबाट लडेर मृत्यु भएको हो । घरनजिकै घाँस काट्न गएका स्याङ्तान भीरबाट लडेर मृत्यु भएको थियो ।

### उपमहानगरमा व्यवसाय दर्ता शिविर सुरु

# पछिल्लो तीन वर्षको शुल्क तिरे बाँकी मिनाहा



साझाकुरा संवाददाता

हेटौंडा, १३ कात्तिक/ करको दायरा बाहिर रहेर व्यवसाय गरिरहेका हेटौंडा उपमहानगर पालिका क्षेत्रका व्यवसायीका लागि व्यवसाय दर्ता शिविर सञ्चालन गरिएको छ ।

हेटौंडाको मुख्य बजार क्षेत्रभन्दा बाहिर वडाहरुमा रहेर बिनादर्ता व्यवसाय गरिरहेका व्यवसायीहरुका लागि सोमबारदेखि वडाहरुमा व्यवसाय दर्ता शिविर सञ्चालन गरिएको हो । हेटौंडा उपमहानगरपालिका १९ नम्बर वडाबाट सुरु भएको शिबिर सबै वडामा सञ्चालन हुनेछ । उपमहानगरको राजश्व परामर्श समितिले अनुगमका क्रममा वडाहरुमा दर्ता बिना नै व्यवसाय सञ्चालन गरी राजश्वको दायरा बाहिर रहेको पाइएपछि व्यवासय दर्ता शिविर सञ्चालन थालिएको सदस्यसमेत रहेका उपमहानगरका प्रवक्ता तथा १ नम्बर वडा अध्यक्ष सविन न्यौपानेले जानकारी दिए ।

उनका अनुसार आन्तरिक राजश्व र घरेलु कार्यालयमा दर्ता भएर व्यवसाय सञ्चालन गरेपनि उपमहानगरमा सूचीकृत नभएका व्यवसायीलाई दर्ताको लागि पछिल्लो तीन वर्षको शुल्क तिरेपछि व्यवसाय दर्ताको सुबिधा उपमहानगरले दिएको छ । अब व्यवसाय दर्ताको समय जति भएपनि पछिल्लो तीन वर्षको शुल्क तिरेर उपमहानगरमा व्यवसाय दर्ता गर्न पाउने सुबिधा उपमहानगरले दिएको उनले बताए । व्यवसाय दर्ता शिविरको हेटौंडा उपमहानगर पालिकाका नगर प्रमुख मिनाकुमारी लामाले उद्घाटन गरेकी छन् ।

१९ नम्बर वडा कार्यालयमा आयोजित शिविरको उद्घाटनमा नगर प्रमुख लामाले दर्ताबिनै व्यवसाय गरिरहेका ६ जना व्यवसायीलाई दर्ता प्रमाणपत्र हस्तान्तरण गरेकी छन् । प्रमाणपत्र हस्तान्तरण गर्दै नगर प्रमुख लामाले व्यवासय गरेपछि बैधानिक ढंगबाट गर्न जरुरी रहेको बताइन् । व्यापार गर्ने तर दर्ता नगरी करको दायरामा नआई गर्दा भोलि समस्या पर्नसक्ने भन्दै सबैलाई व्यवसाय दर्ता गरेर काम गर्न आग्रह गरिन् ।

शिविरमा ९ जनालाई प्रमाणपत्र वितरण गरिएको छ भने १५ वटा व्यवसाय दर्ताको प्रक्रियामा रहेको १९ नम्बर वडा अध्यक्ष नर नाथ सुवेदीले जानकारी दिए । उनका अनुसार व्यवसाय दर्ता प्रकृयाका लागि सम्पर्कमा आउनेको संख्या बढ्दै गएको छ । शिविरको उद्घाटन कार्यक्रममा हेटौंडा-१९ का अध्यक्ष सुवेदी, हेटौंडा-१ का वडा अध्यक्ष सबिन न्यौपाने, उपमहानगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत शिवराज चौलागाईं, राजश्व शाखा प्रमुख श्यामकृष्ण श्रेष्ठ, १९ नम्बर वडा कार्यालयका सचिव राजेन्द्रनाथ पोखरेलको आतिथ्यता थियो ।

## थानाभञ्याङबाट गाँजासहित एकजना पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, १३ कात्तिक/ जिल्ला प्रहरी कार्यालय मकवानपुरले हेटौंडाबाट लागूऔषध गाँजासहित १ जनालाई पक्राउ गरेको छ ।

मकवानपुर प्रहरीले पूर्व-पश्चिम सडकखण्डअन्तर्गत् हेटौंडा उपमहानगरपालिका वडा नम्वर ११ थानाभञ्याङबाट लागूऔषध गाँजा ३ किलोसहित १ युवकलाई पक्राउ गरेको हो । राक्सिराङ गाउँपालिका वडा नम्वर १ बस्ने १९ वर्षीय सबिन स्याङबोलाई उक्त गाँजासहित नियन्त्रणमा लिइएको मकवानपुरका प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक लक्ष्मी भण्डारीले जानकारी दिए ।

भण्डारीका अनुसार सोमबार बिहान चितवनबाट हेटौंडातर्फ आउँदै गरेको ना. ५ ख ७७८१ नम्बर बसलाई जाँच गर्ने क्रममा बसमा सवार स्याङबोको साथबाट प्रहरीले उक्त परिमाणको गाँजा बरामद भएपछि निजलाई नियन्त्रण लिएर कानुनी कारबाहीको प्रक्रिया अगाडि बढाएको छ ।

# हेटौंडा सिमेन्ट उद्योगको उत्पादन बन्द



साझाकुरा संवाददाता

हेटौंडा, १३ कात्तिक/ सरकारी स्वामित्वको हेटौंडा सिमेन्ट उद्योगले आर्थिक संकटको कारण देखाउँदै उत्पादन बन्द गरेको छ ।

मन्दीको प्रभावका कारण कोइला खरिद गर्न नसकेको भन्दै उद्योगले सिमेन्ट उत्पादन बन्द गरेको हो । उद्योगमा मासिक ३ हजार ६ सय मेट्रिक टन कोइला खपत हुने गरेको छ । उद्योगका महाप्रबन्धक बसन्तराज पाण्डेले दशैंको बिदा हुनुअघिसम्म सो उद्योग सञ्चालनमा रहेको र त्यस अवधिमा तीन लाख बोरा सिमेन्ट उत्पादन भएको जानकारी दिए । उनले आर्थिक संकटका कारण बाह्य मुलुकबाट कोइला खरिद गर्न नसक्दा सोमबारदेखि सिमेन्ट उत्पादन बन्द गर्नुपरेको बताए ।

चार दशक पुरानो उद्योगका मेसिन जीर्ण हुँदै गएकाले उत्पादन गर्न कठिनाइ भएको र उत्पादित सिमेन्ट सबै बिक्री वितरण गर्न समस्या भएको जनाइएको छ । कोइला खरिद गरी ल्याइएपछि मात्रै उद्योग पुन: सञ्चालनमा ल्याउन सकिने भएको पाण्डेले बताए । २०३३ सालमा लामसुरेमा स्थापित उद्योगले २०४३ साल मंसिर २६ गतेबाट व्यावसायिक रुपमा उत्पादन सुरु गरेको थियो। उद्योगमा करिब ३ सय ९० कर्मचारी कार्यरत् छन् ।

महाप्रबन्धक पाण्डेले आर्थिक संकटबारे संघीय सरकारका उद्योग तथा आपूर्तिमन्त्री र सचिवलाई जानकारी गराएको र केही आर्थिक अनुदान उपलब्ध भएमा उद्योग पुन: सञ्चालनमा ल्याउने बताए । कूल ३ लाख बोरा सिमेन्ट काठमाडौंलगायतका विभिन्न सहरमा बिक्री वितरण तयारी गरिएको र यसको आम्दानी कोइला खरिद लगाइने उद्योगले जनाएको छ ।

# भरिएन कुलेखानी जलाशय



साझाकुरा संवाददाता

हेटौंडा, १३ कात्तिक/ मनसुन सकिएसँगै विद्युत प्राधिकरणको 'ब्याकअप'का रुपमा रहेको कुलेखानी जलाशय यसवर्ष नभरिने अवस्थामा पुगेको छ ।

जलाशय भरिन अझै साढे सात मिटर बाँकी छ । जेठदेखि असोजको पहिलो सातासम्म कुलेखानी जलविद्युत आयोजनाका तीनवटै युनिट दैनिक १५ घन्टादेखि २० घन्टासम्म सञ्चालन गरिएको थियो । निरन्तर आयोजनाबाट विद्युत उत्पादन नगरेको भए कुलेखानीको जलाशय भरिने अवस्थामा पुगिसक्ने कुलेखानी-१ आयोजनाका प्रमुख धीरेन्द्र चौधरीले बताए । जलाशय भरिएर पानी फाल्नु पर्ला भन्ने डरले पनि जेठदेखि नै कुलेखानीको तीनवटै युनिट सञ्चालनमा ल्याइएको उनको भनाइ छ ।

कुलेखानी जलाशयको जलस्तर गत असार ३१ गते १४९५.४ सेन्टिमिटरमा झरेको थियो । त्यसपछि जलाधार क्षेत्रमा वर्षा सुरु भएपछि पानीको सतह बढ्दै आएको आयोजनाले जनाएको छ । साउन १ देखि हालसम्म जलाशयमा २७ मिटरभन्दा बढी पानी संकलन भइसकेको छ । जलाशयमा सोमबार दिउँसो ३ बजेसम्म पानीको सतह १५२२.४७ सेन्टिमिटर छ । गतवर्ष यही समयमा जलस्तर १५२५.५ सेन्टिमिटर थियो । कुलेखानी जलाशयमा अहिले दैनिक ६ सेन्टिमिटरमात्र पानी थपिने गरेको छ ।

खपत पनि दैनिक ५ सेन्टिमिटरसम्म हुने गरेको छ । जलाधार क्षेत्रमा अब भारी वर्षा भएन भने जलाशय भरिने सम्भावना कमै रहेको चौधरीले बताए । तर, कुलेखानी जलाशय नभरिए पनि सुक्खायाममा विद्युतको समस्या भने नहुने जनाइएको छ । मकवानपुरको उत्तरी क्षेत्र थाहा नगरपालिकाको दामन, पालुङ, बज्रबाराही, चित्लाङ र इन्द्रसरोवर गाउँपालिकाको मार्खु र फाखेल जलाशयको जलाधार क्षेत्र हुन् ।

२०५० सालमा एकै रात ६ मिटर पानीको सतह बढेको थियो । जलाशय भरिएर पानी बाहिर फाल्न एक्कासि ड्याम खोल्ने काम गरिएको थियो । जसले गर्दा सर्लाहीको बागमती सिँचाई आयोजनाको निर्माणमा खटिएका तीन जना चिनियाँ कामदारको बाढीले बगाएर मुत्यु भएको थियो । कुलेखानी जलाशयमा १५३० मिटर सम्म पानी संकलन गर्न सकिन्छ ।

२०७२ सालको भूकम्पले जलाशयको बाँधका केही भाग चर्केकाले सकेसम्म पानीको सतह १५२७ मिटरभन्दा बढ्न नदिनु हितकर रहेको प्राविधिकहरुले बताएका छन् । कुलेखानी जलाशयको पानी १४८४ मिटरसम्म तल झर्दा प्रयोग गर्न सकिन्छ । जलाशयमा संकलन गरिएको पानीमध्ये ४६ मिटरमात्र विद्युत् उत्पादनमा प्रयोग गर्न सकिन्छ । कुलेखानी-१ बाट ६०, दोस्रोबाट ३२ र तेस्रोबाट १४ गरी १ सय ६ मेगावाट विद्युत उत्पादन हुने गरेको छ । कुलेखानी जलाशयमा संकलन गरेको पानीबाट तीनवटै आयोजनाले विद्युत उत्पादन गर्छन् । ३ सय मिटर चौडाइ र सात किलोमिटर लम्बाइ रहेको कुलेखानीको जलाशयको मार्खु क्षेत्रको तल्लो भाग पानीले ढाकिसकेको छ ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# फोहोरको उचित विसर्जन गरौं

मानव जीवनमा गरिने हरेक कार्यबाट फोहोर पदार्थको उत्पादन हुने गर्दछ । शौच आदि क्रियाकलाप गर्दा, व्यवसाय गर्दा, खाना बनाउँदा, घरलगायत सरसफाई गर्दा, मर्मत गर्दा, पुराना सामानहरुको व्यवस्थापन गर्दा, तयारी खाद्य पदार्थ किनेर खाँदा, प्याकिङ गरिएका बस्तुको प्रयोग गर्दा, घर पालुवा पशुपक्षीकाकारण र नित्य कर्म गर्दालगायत मानव जीवनको धेरै कार्यहरु गर्दाको अवस्थामा फोहोर मैलाको उत्पादन हुने गर्दछ । फोहोर उत्पादन हुनबाट रोक्न सकिँदैन तर, त्यसको उचित व्यवस्थापन गर्न सकिएन भने आफूले गरेको क्रियाकलापबाट उत्पादन भएको फोहोरले आफैंलाई हानी पुऱ्याउँदछ ।

फोहोरको कारण विभिन्न किसिमका सरुवा रोगहरु लाग्ने गर्दछ । फोहोरको कारण घरको शोभा बिग्रन्छ । फोहोरको कारण समाजको पहिचान गुम्दछ । फोहोरकै कारण पर्यटन प्रबर्द्धनमा समस्या पर्दछ । फोहोरकै कारण घरका परिवारका सदस्यबीच वैमनष्यता उत्पनन हुन्छन् । फोहोरकै कारण छिमेकीमा कलह उत्पन्न हुन्छन् । फोहोरको कारण समग्र मानव स्वास्थ्य र मानसिक अवस्थामा समेत गम्भीर आघात पुगिरहेको हुन्छ । मानिसको जीवनमा गर्ने हरेक क्रियाक्लापबाट फोहोर निस्कने गर्दछ । तर, त्यसको सही बिसर्जन हुन नसकेमा त्यसले निम्त्याउने समस्याहरु धेरै प्रकारका हुन्छन् ।

फोहोर मैला नगरौं भनेर स्थानीय पालिकाहरुले पटकपटक सूचनाहरु जारी गरिरहेकै हुन्छन् । फोहोर गर्नु हुँदैन भनेर प्रायः सबैलाई थाहा छ । तर, मानिसको अटेरीपनको कारण फोहोर मैलाले घर, समुदाय तथा बजार क्षेत्रहरु ढाकेकै हुन्छन् । टोलटोलमा डस्टबिनहरु राखिएका हुन्छन् तर, डस्टबिनमा फोहोर नफालेर जथाभावी फाल्ने गरेको देखिन्छ । सीमित स्थानमा फोहोर फाल्दा स्वास्थ्यमा राम्रो, सरसफाईमा राम्रो तथा समाजकै इज्जत बढ्ने गर्दछ । तर, मानिसहरुको अटेरी पनको कारण फोहोर फाल्नेलाई जरिवाना पनि घोषणा गरिएको छ । कतिपय मानिसहरु जरिवानामा पनि परेका छन् । तैपनि फोहोरको उचित व्यवस्थापन हुन सकिरहेको छैन । त्यसैले टोल विकास संस्थाहरु, सामाजिक संघसंस्था तथा घरघरमा फोहोर मैला गर्नु हुँदैन भन्ने सचेतना फैल्याउँदै यसको उचित व्यवस्थापनमा लाग्नु अपरिहार्य छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६११९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० कात्तिक १५ गते बुधबार, १ नोभेम्बर २०२३ । चतुर्थी, कात्तिक कृष्णपक्ष । कौलागा ११४३ ने.सं. । सूर्योदय ६:१५, सूर्यास्त ५:१८ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : कार्यमा ढिलाइ | **तुला** | : आफन्तबाट सहयोग |
| **वृष** | : ऋण र शत्रु वृद्धि | **वृश्चिक** | : शत्रुबाट बाधा सृजना |
| **मिथुन** | : शैक्षिक कार्यमा सफलता | **धनु** | : सहयोगीहरूले राम्रो साथ दिनेछन् |
| **कर्कट** | : परिवारमा विवाद | **मकर** | : रोकिएका काम बन्नेछ |
| **सिंह** | : खिन्नता रहने | **कुम्भ** | : व्यापारमा विशेष फाइदा हुनेछ |
| **कन्या** | : शैक्षिक कार्यमा सफलता | **मीन** | : शत्रु सजिलै हराउन सकिनेछ |

# राष्ट्रसङ्घका महासचिवको भ्रमण : सङ्क्रमणकालीन न्याय टुङ्गोमा पुऱ्याउने अवसर



✍ राजुप्रसाद चापागाईं



राष्ट्रसङ्घको सहजीकरणमा नेपालमा शान्ति सम्झौता भएका कारण महासचिवको भ्रमणले शान्ति प्रक्रिया र सङ्क्रमणकालीन न्याय टुङ्गोमा पुर्याउन सहयोग पुग्नुपर्छ । र, राष्ट्रसङ्घले पनि सहयोग पुर्याउनु पर्छ । किनकि सेना समायोजनदेखि लिएर शान्ति प्रक्रियाको साझेदार र सहभागी भएर निरन्तररुपमा राष्ट्रसङ्घले हेर्दै आएको विषय पनि हो यो ।

राष्ट्रसङ्घले जेनेभा तथा नेपालमै बसेर पनि लामो समयदेखि अनुगमन पनि गर्दै आएको छ यो विषयमा । सङ्क्रमणकालीन न्यायको प्रक्रियामा सन् २०१२ सम्म नेपालमा रहेको राष्ट्रसङ्घको मानवअधिकार उच्चायुक्त कार्यालयको पनि महत्वपूर्ण भूमिका रहेको छ ।

नेपालको संविधान २०७२ ले पनि अन्तरिम संविधान र शान्ति सम्झौता अन्तर्गत भएको सङ्क्रमणकालीन न्यायसँग सम्बन्धित कामहरुलाई वैधता दिएको छ । धारा ३०४ मा लगेर यसलाई जोडिएको छ । त्यसको अहिले पनि वैधता छ । त्यसले संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार कार्यालयलाई शान्ति प्रक्रियाको समग्रमा अनुगमन गर्ने जिम्मेवारी पनि तोकेको छ । त्यो जिम्मेवारी अहिले पनि राष्ट्रसङ्घकै छ । किनकि शान्ति सम्झौताका सबै काम टुङ्गिएका छैनन् । खासगरी सङ्क्रमणकालीन न्याय प्रक्रिया अहिले पनि टुङ्गो लाग्न बाँकी छ । यो नै लामो समय नटुङ्गिएको एजेण्डा हो । यसमा राष्ट्रसङ्घीय मानवअधिकार कार्यालयको अहिले पनि जिम्मेवारी छ । उसले विभिन्न समयमा यस विषयमा बोली रहेको पनि छ । विधेयकको बारेमा पनि विगतमा बोलेको छ । यसो गर भनेर उसले भनेको छ । गम्भीर अपराधमा क्षमादानको कानुन बन्न सक्दैन भनेर राष्ट्रसङ्घले दुई पटक प्राविधिक नोट पनि जारी गरेको छ । यसकारण सङ्क्रमणकालीन न्याय प्रक्रिया राष्ट्रसङ्घको सरोकारको एउटा महत्वपूर्ण विषय हो ।

### प्रतिबद्धता पालना गर्न निर्देशन

गुटेरेसको यो भ्रमण कुनै कुटनीतिक दबाबको भ्रमण होइन । यो विषय भनेको नेपाल आफैंले प्रतिबद्धता जनाएको नेपालको आफ्नो दायित्व हो । नेपाल पनि सन् १९९१ देखि अन्तर्राष्ट्रिय सन्धि, सम्झौताको एउटा पक्ष राष्ट्र हो । त्यसको एक हिसाबले राष्ट्रसङ्घ कस्टडियन (संरक्षक) हो । राष्ट्रिय तहमा त्यो कार्यान्वयन भयो कि भनेर उसले विभिन्न फोरमहरुमा हेर्ने गर्छ । संयुक्त राष्ट्रसङ्घको मानवअधिकार परिषद्को पनि नेपाल सदस्य राष्ट्र छ । राष्ट्रसङ्घले सङ्क्रमणकालीन न्यायको दायित्व तिम्रो हो जो पूरा गरेको देखिएन भन्ने कुरा मात्र हो । जुन नेपालको संविधान तथा विभिन्न राजनीतिक सम्झौतामार्फत् आफैंले प्रतिबद्धता जनाएको हो । अस्ति भर्खरै प्रधानमन्त्रीले

राष्ट्रसङ्घमा गएर भाषण गर्दा पनि शान्ति प्रक्रियाका बाँकी विषय पूरा गर्छौं, दण्डहीनताको अन्त्य गर्छौं भनेर प्रतिबद्धता जनाएको विषय हो । यो भनेको आफ्नो प्रतिबद्धता अनुसार काम गर भनेर नेपाललाई सम्झाउने विषय मात्र हो ।

डेढ दशकदेखि टुङ्गो नलागेको यो विषय उहाँको भ्रमणले पूरा हुने होइन । यो पूरा हुनलाई राजनीतिक इमानदारी चाहियो । अहिलेसम्म गरेको गल्ती, त्रुटि, कमजोरीलाई महसुस गर्नुपर्यो । यति लामो समयसम्म पनि यो विषयलाई वैधानिक तरिकाले टुङ्गो लगाउन सकेनौं । त्यसकारण अन्तर्राष्ट्रिय दायित्व, सर्वोच्च अदालतका विगतका फैसलाहरु र पीडित समुदायको, नागरिक समाजको वैध सरोकार, न्यायप्रतिको उनीहरुको वैध मागलाई हामीले सम्बोधन गर्नुपर्छ । यो राष्ट्रिय दायित्व हो भनेर सरकार नै लागि पर्नुपर्छ । यो राष्ट्रसङ्घले भनेर गर्ने नभनेर नगर्ने विषय होइन । द्वन्द्व पीडित भनेको पनि सार्वभौमसत्ता सम्पन्न नेपाली नागरिकको एउटा हिस्सा हो । यो उनीहरुको न्यायको अधिकार, सत्यको अधिकार हो ।

### सङ्क्रमणकालीन न्यायको अवस्था अहिले पनि बल्झिँदो

सङ्क्रमणकालीन न्यायको अवस्था अहिले पनि बल्झिँदो छ । हामीले जति ढिला गर्दै गयौं यो त्यत्ति नै अन्तर्राष्ट्रियकरण पनि भइरहेको छ । यसमा अन्तर्राष्ट्रिय चासो र सरोकार पनि बढ्दै गइरहेको छ । विगतमा विभिन्न राष्ट्रसङ्घीय आयोग जस्तै मानवअधिकार समितिमा पनि नेपालमा न्याय पाएनौं भनेर मुद्दा परेको छ । त्यहाँ उजुरी हालेर त्यहाँबाट निर्णय भएको छ । दुई दर्जनभन्दा बढी त्यस्ता निर्णयहरु त्यहाँबाट आएका छन् । सन् २०१२ मा ओएचसीएचआरको द्वन्द्व प्रतिवेदन आएको छ त्यसले पनि थुप्रै अभिलेख गरेको छ । जसमा नेपालमा हजारौं घटना घटेकोमा कतिपय गम्भीर प्रकृतिका घटना छन् जसलाई क्षमादान दिन सक्दैनौं भनिएको छ । त्यसमा अनिवार्यरुपमा अनुसन्धान, अभियोजन हुनुपर्ने कुरा उल्लख छ । त्यसमा प्रमाण पुग्यो भने अभियोजन हुनुपर्ने अवस्था छ भनेर राष्ट्रसङ्घ आफैंले अभिलेखीकरण गरेको पनि छ ।

पटक पटक यसमा विश्वव्यापी क्षेत्राधिकारदेखि लिएर अरु विभिन्न फोरममा यस विषयमा कुरा उठेका छन् । यसलाई पहिले हाम्रो जिम्मेवारी हो भनेर महसुस गर्नुपर्यो । जिम्मेवार राजनीतिक दल जो सरकारमा छन्, जो पटक पटक सरकारमा गए अनि अहिले सरकार बाहिर पनि छन् । तर भित्रभित्रै राजनीतिकरुपमा सत्ताको साझेदार पनि गरेका छन् । विभिन्न नियुक्तिमा भागबण्डा खोजिरहेका पनि छन् । र, उनीहरु जहिले पनि सत्तामा जान लालायित पनि छन् । यसमा कांग्रेस, एमाले तथा माओवादी गरी मुख्य तीन दलले यसलाई प्रमुख एजेण्डा बनाउनु पर्छ । यो प्रत्येक वर्ष महासभामा हामी यसोयसो गर्छौं भनेर भाषण गर्ने विषय मात्र भएको छ । त्यसकारण यसलाई अन्तर्राष्ट्रिय समुदायले पनि कहिलेसम्म विश्वास गर्ने । सङ्क्रमणकालीन न्याय अहिले ढाँटको निम्तो जस्तो भएको छ ।

सङ्क्रमणकालीन न्याय त्यसबेला छ महिना, ६० दिन, ९० दिनमा गर्ने भनेर प्रतिबद्ध गरिएको थियो । त्यो महत्वाकाङ्क्षी थियो त्यसबेला । तर, कम्तीमा दुई, तीन वा पाँच वर्षमा त हुनुपर्थ्यो । कम्तीमा संविधान आउनु अगाडि टुङ्गिनुपर्ने विषय थियो यो । अहिले त सङ्क्रमणकालीन अवस्था त होइन नि हाम्रो । किनकि नयाँ संविधान आइसकेपछि त सङ्क्रमणकाल त सकियो । तर सङ्क्रमणकालीन न्यायको विषय त जस्ताको तस्तै छ ।

संसारमै यो सजिलो र सरल रेखा कोरेको जस्तो विषय त होइन । यो जटिल हो र राजनीतिक विषय हो । विगतमा लडेका युद्धरत पक्षहरु अहिले आएर सत्तामा छन् । कतिपय नेताहरु त्यतिबेला जिम्मेवारीमा थिए । कोही प्रधानमन्त्री थिए, कोही गृहमन्त्री थिए । त्यसबेला विभिन्न निर्णयहरु पनि भएका थिए । कतिले त्यो निर्णयको जिम्मेवारी लिनुपर्ने हो कि । कतै आफू पनि अनुसन्धानमा तानिने हो कि भन्ने डरले पनि काम गरिरहेको छ । तर, त्यो डरको कारणले राष्ट्रिय जिम्मेवारीलाई पन्छाउँदै लैजान पनि मिलेन । यसलाई कहिलेसम्म पन्छाउने ? यसमा मुख्य तीन दल कांग्रेस, एमाले माओवादी तीनै दललाई डर छ । यसमा केही कमवेशी होला । यसमा बढी माओवादी र कांग्रेसको कुरा आउँछ । तर, यसमा डर हुनुको केही अर्थ छैन । यो त्यतिबेला जिम्मेवारी लिने एक वा दुई नेताको मनोविज्ञानको विषय होइन । यो राष्ट्रिय सरोकारको विषय हो । राष्ट्रिय एजेण्डा हो । हामीले यसमा अन्तर्राष्ट्रियरुपमा प्रतिबद्धता जनाएका छौं । यसकारण यसलाई पूरा गर्नैपर्छ ।

यो राष्ट्रिय संकल्पको विषय पनि हो । यो विषय हामी कहिले गर्दैनौं भनेर भनेका पनि छैनौं । गरेर देखाउन पनि सकेको छैन । समस्या यहाँ छ । कि हामी यो गर्दैनौं भनेर भनेको भए पीडितले अर्को बाटो लिनुहुन्थ्यो । त्यसो हुँदा अरु विषय जस्तै अदालतमा उजुरी दिने, मुद्दा चलाउने विषय पनि हुनसक्ला । क्षतिपूर्तिको लागि राष्ट्रिय मानवअधिकार आयोगमा गएर उजुरी दिने पनि हुनसक्ला । यसबाट भएन भने अन्तर्राष्ट्रिय फोरमहरुमा मुद्दा हाल्ने विषय पनि होला । तर, गर्न पनि नगर्ने अनि गर्न सक्दैनौं भनेर पनि नभन्ने विषय भएको छ यो ।

यो कहिलेकाहीं सत्ताको चालबाजीको विषय पनि भएको छ । कहिले कसैलाई गलाउन पर्यो उठाउने विषय भएको छ यो । अनि यो विषय उठेपछि मिल्न जाने, गल्ने विषय पनि बनाइएको पनि छ यसलाई । यसले गर्दा सत्ता बाहिर रहँदा असुरक्षित हुन्छु कि भनेर जसरी पनि सत्तामा टाँसिने मनोविज्ञान पनि भएको छ यो विषय । तर, यसले यो विषय झन जटिल भएको छ । अन्तर्राष्ट्रिय सरोकारको विषय बनाइरहेको छ । देशभित्र न्यायको ढोका बन्द भयो भने यसको परिणाम भनेको अन्तर्राष्ट्रियरुमा जहा जहाँ न्यायका ढोका छन् ती खुल्छन् । कुमार लामाको सन्दर्भ यही हो । हामी नेपालीको लागि यो राम्रो कुरा होइन ।

हामीले यो विषयलाई नेपालभित्रै निरुपण गर्न सक्नुपर्थ्यो । हाम्रो न्याय प्रणाली चुस्त र तन्दुरुन्त हुनुपर्थ्यो त्यसका लागि । यो यहीं भित्रै अनुसन्धान हुने र प्रमाण पुगेमात्र मुद्दा चल्ने विषय हो । सबैमाथि मुद्दा चल्छ र चलाउनु पर्छ भन्ने पनि छैन । सबैमा प्रमाण पुग्छ भन्ने पनि छैन । तर, पीडितको सन्तुष्टिको लागि सरकारले न्यायको लागि, सत्यको लागि, परिपूरणको लागि यो काम गरेको छ भन्ने अनुभूति हुनुपर्छ । सरकार पीडितको पछाडि छ । पीडितको अधिकार स्थापित गर्न सरकार लागिपरेको छ भनेर सन्तुष्टि दिलाउने विषय पनि हो सङ्क्रमणकालीन न्यायको विषय भनेको ।

### राजनीतिकरूपमा निर्देशित

कम्तीमा न्यायालयले नागरिक समाज, मानवअधिकारकर्मी, पीडित समुदायको बलमा जे जति मुद्दाहरु सर्वोच्च अदालतमा पुगे र अदालतले नेपालको अन्तर्राष्ट्रिय दायित्व, पीडितहरुप्रति सरकारको जिम्मेवारी, अन्तर्राष्ट्रिय अभ्यास सबैलाई हेरेर सङ्क्रमणकालीन न्यायको विषयलाई यसरी टुङ्गो लगाउ भनेर विभिन्न नजिरहरु र सिद्धान्तहरु प्रतिपादन गरेको छ । यो सन्तुष्टिको विषय हो । यसकारण यो मुद्दालाई राजनीतिकरुपमा हत्या गर्न सकिँदैन । अहिलेसम्म जीवन्त छ । यसलाई सम्बोधन गर्नुपर्छ भन्ने कुरा स्थापित भएको छ । कसैले यसलाई अन्यथा गर्न सक्ने अवस्था छैन । यो सकारात्मक कुरा हो । तर, कार्यकारी सरकारको तर्फबाट जुन काम हुनुपर्थ्यो त्यो भएन । यसलाई खाली प्रयोगशाला जस्तो बनाइयो । कहिले कसलाई लगेर राजनीतिकरुपमा आयोगमा नियुक्त गरिएको छ । कहिले कसलाई लगेर नियुक्त गरिएको छ । ती कमिश्नरहरुलाई उनीहरुको हतियार मात्र बनाइयो । उनीहरुको माध्यमबाट आफू सुरक्षित हुने विषय मात्र बनाइयो । आफूसँग सम्बन्धित फाइल नखुलोस्, अनुसन्धान नहोस् भनेर यसको दुरुपयोग गरियो । सङ्क्रमणकालीन न्यायको विषय देशको लागि, पीडित समुदायको लागि, सिंगो समाजको लागि उपयोग हुनुपर्थ्यो ।

अहिले सङ्क्रमणकालीन न्याय सम्बन्धी विधेयक अहिले विचाराधीन छ । त्यसभित्र जुन खालको बहस, छलफल हुनुपर्थ्यो, राजनीतिकरुपमा यसलाई जति गम्भीरतापूर्वक लिनुपर्थ्यो त्यसरी लिइएको पाइँदैन । उपसमितिले पनि शीर्षको तहमा समाधान हुनुपर्ने भनेर पन्छाउने विषय होइन नि यो । संसद् भनेको सार्वभौम नागरिकको प्रतिनिधित्व गर्ने संस्था हो । भित्र त्यसमा शीर्ष वा अरु सरोकारवालाहरुको पनि सुझाव लिएर रायसहितको एउटा ठोस निष्कर्षसहितको प्रतिवेदन पेस गर्नुपर्थ्यो । हामी यसलाई यसरी संशोधन गरेर पीडित तथा सरोकारवालालाई सम्बोधन गर्नुपर्छ भनेर आउनुपर्थ्यो त्यो ल्याकत उपसमितिमा पनि देखिएन । उहाँहरुले यसलाई आफ्नो जिम्मेवारी पन्छाउने ढंगले लिनुभयो । यसले यो चाहिँ राजनीतिकरुपमा निर्देशित भएको, शरणागत् भएको भन्ने देखियो ।

### विधेयकमा समावेश हुनपर्ने कुरा

यो विधेयकमा समावेश हुनुपर्ने भनेको अपराधको परिभाषा हो । मानवअधिकार उल्ङ्घन अपराध केलाई मान्ने, के मा क्षमादान हुने, के मा हुन नसक्ने स्पष्ट हुनुपर्यो । आममाफी भनेको ब्ल्यांकेट एम्बेसी हो । त्यसलाई हामीले २०७१ सालमा ऐन बनेदेखि नै निषेध गर्नुपर्छ भनेका छौं । नेपालमा कसैलाई पनि अनुसन्धान नै नगरी, छानबिन नै नगरी, बयान दिन नबोलाइकन, सत्य उजागर गर्न सहयोग नै नगरिकन एकमुष्ट सबैलाई सोलोडोलोरुपमा जोजो संलग्न भएका थिए ती सबैलाई आजदेखि क्षमा भयो अब कुनै अनुसन्धान गरिँदैन भनेर गर्न सकिँदैन । त्यसकारण किन यो आममाफीको कुरा ब्ल्यांकेट एम्नेष्टी हुँदैन भनेर प्रधानमन्त्रीले महासभामा भन्नुभयो यो पनि अनौठो लागेको छ । हाम्रो विषय भनेको ससर्त क्षमादान हो । के मा क्षमादान हुने र के मा नहुने भन्ने हो । कस्तो अपराधमा ससर्त क्षमादान हुने र कस्तोमा नहुने भन्ने हो ।

सशर्त भनेको आयोगमा आएर, बयान दिएर, प्रक्रियालाई सहयोग गरेर, सत्य उजागर गर्न मद्दत गरेको हुनुपर्ने भन्ने हो । यति गरि सकेपछि उसले निवेदन दिन सक्छ । यसपछि मात्र क्षमादान दिन योग्य हो कि होइन भनेर विचार गर्न सकिन्छ । अन्तर्राष्ट्रिय कानुनले क्षमादान अयोग्य भनेको एकदमै गम्भीर अपराधमा क्षमादान दिन नसकिने भयो । त्यसमा भने प्रमाण छ भने अभियोजनमा जानुपर्ने भयो । त्यस्तो यथेष्ट प्रमाण छैन भने मुद्दा पनि चल्दैन ।

तर, त्यस्तो मुद्दा चलाउनु पर्ने विषय के हो भनेर छिनोफानो भने ऐनले गर्नुपर्ने हो । यसमा नै सबैभन्दा ठूलो विवाद छ । जस्तो यसमा यातना भनेपछि अन्तर्राष्ट्रिय कानुनमा त्यो भनेको अमानवीय यातना हो कि, क्रुर यातना हो भनेर हेरिँदैन । यातना भनेको यातना नै हो । त्यो गम्भीर नै हुन्छ, त्यो अमानवीय नै हुन्छ, त्यो क्रुर नै हुन्छ । तर, हाम्रोमा भने यसलाई वर्गीकरण गर्न खोजियो ।

यातना मात्र दिएको हो र त्यो अमानवीय र क्रुर होइन भनेर त्यसलाई वर्गीकरण गर्न खोजियो विधेयकमा । यसमा पीडित समुदायको आपत्ति रह्यो । अर्को विषय भनेको हत्याको हो । युद्धको विषयलाई पालना गरेर मर्ने, मार्ने कुरा हुन्छ । हामीले पौराणिक हिसाबले महाभारतमा हेर्दा पनि त्यो स्वीकार्य देखिएको छ ।

अहिले पनि मानवीय कानुनले सशस्त्र सैर्ष, द्वन्द्व हो भने त्यहाँ हतियार चल्छ, मार्ने, मर्ने काम हुन्छ भन्ने स्वीकार गरेको छ । तर, गैर सैनिक नागरिकलाई कब्जामा लिएर, स्वेच्छाचारी तरिकाले अनियन्त्रित तरिकाले शक्ति प्रयोग गरेर मारिएको छ, लुटपाट गरिएको छ, सम्पत्तिमा आगजनी गरिएको छ, यातना दिइएको छ, बलात्कार गरिएको छ, बेपत्ता पारिएको छ भने त्यो युद्ध अपराध हो । कतिपय अवस्थामा यो मानवताविरुद्धको अपराध पनि हुनसक्ला । यस्ता विषयमा क्षमादान दिन सकिँदैन भनेर संशोधन भएर यो ऐनले स्पष्ट पार्नुपर्यो । फेरि यो पछिसम्म निरन्तर विवादको विषय हुने, सर्वोच्चमा फेरि एक/दुई वर्षमा मुद्दा पर्ने, मुद्दाले अल्झाउने विषय हुनु भएन । नत्र यो फेरि अल्झाउने विषय नै भएर जान्छ । त्यसकारण नेपालले गम्भीर अपराध उल्ङ्घनको विषयमा मानेको अन्तर्राष्ट्रिय प्रतिबद्धता के हो त्यसै अनुसार हुनुपर्यो ।

### न्यूनतम मापदण्डको पालना

सङ्क्रमणकालीन न्याय प्रक्रियालाई टुङ्गो लगाउनको लागि राष्ट्रसङ्घले जे विषयलाई न्यूनतम मापदण्ड भनेको छ त्यसलाई पालना गरेर हामी अगाडि बढ्नुपर्छ । त्यो प्रतिबद्धता फेरि आउनुपर्यो । अहिले महासचिवका सामु सरकारले त्यो प्रतिबद्धता व्यक्त गर्ने नै होला । महासचिवले पनि यहाँ आएको बेलामा यसरी जाने हो भनेर एउटा ठोस सुझाव दिनुपर्छ । आखिर संरक्षक भनेको राष्टसङ्घ नै हो । पीडितको अधिकारलाई यसरी सम्मान गर्नुपर्छ भन्ने बारेमा उसले विभिन्न मापदण्ड पनि बनाएको छ । यसमा दण्डहीनताको सिद्धान्तहरु पनि छन् । कानुनी उपचारका बारेमा पनि त्यहाँ स्पष्ट उल्लेख छ ।

परिपूरणको बारेमा पनि छ । यी सबैको संरक्षक भनेको राष्टसङ्घ नै हो । शान्ति प्रक्रियाका बाँकी सन्दर्भमा नेपाल आफैंले व्यक्त गरेका प्रतिबद्धता तथा मापदण्डलाई आधार मानेर गर भनेर राष्टसङ्घले भन्नुपर्छ । यसमा सर्वोच्च अदालतले पनि एउटा मार्गचित्र तोकिदिएको छ । त्यसलाई आधार मानेर यसलाई टुङ्गो लगाउ भनेर महासचिवले पनि जोड दिनुपर्छ । सबैभन्दा ठूलो भनेको राजनीतिकरुपमा एउटा इमान देखिनुपर्यो । त्यो इमान भनेको नेपाली नागरिकप्रति हो । पीडित मङ्गलग्रहबाट आएका त होइनन् नि । यो संविधानमा तपाईं हाम्रो जे अधिकार हो द्वन्द्व पीडितको पनि त्यही अधिकार हो । न्यायको अधिकारलाई संविधानले पनि सुरक्षित गरेको छ ।

प्रस्तावनामा नै द्वन्द्व पीडितप्रति सम्मान व्यक्त गरिएको छ । द्वन्द्व पीडितलाई धारा ४२ मा सामाजिक न्यायको कुरा गरिएको छ । सहुलियत छुट दिने कुरा पनि छ । आर्थिक, सामाजिक अधिकारको कुरा पनि छ । त्यसकारण समष्टिगतरुपमा पीडितहरुको अधिकारलाई सम्मान गर्ने गरी एउटा मार्गचित्र बनाएर दुई/चार वर्षमा हामी यसरी यो मुद्दाको समाधान गर्छौं भनेर एउटा ठोस मार्गचित्र सरकारले अहिले बाहिर ल्याउनु पर्छ । यसमा हामी विधेयक यसरी संशोधन गर्छौं, आयुक्तको छनोट यसरी गर्छौं त्यसपछि आयोगले यसरी यति वर्ष काम गर्छ र टुङ्गो लाग्छ भनेर एउटा श्वेतपत्र नै जारी गर्नुपर्छ ।

सरकारको तर्फबाट १७/१८ वर्ष अगाडि हामीले नागरिक समक्ष प्रतिबद्धता व्यक्त गरेर पनि सङ्क्रमणकालीन न्याय दिन सकेनौं भनेर पीडितसमक्ष क्षमा याचनासहित एउटा श्वेतपत्र नै जारी गर्नुपर्छ महासचिवको यो भ्रमणमा ।

### नटुङ्गिँदाको असर

सङ्क्रमणकालीन न्याय नटुङ्गिँदाको असर भनेको हाम्रा राजनीतिक दल, नेतृत्व र विभिन्न संस्थाहरुप्रति नागरिकको विश्वास गुम्दै गएको छ । अन्तर्राष्ट्रियरुपमा पनि नेपालीको बोली नबिक्ने भएको छ । नेपालले व्यक्त गरेको प्रतिबद्धताको कुनै मूल्य नै नहुने स्थिति छ । नेपाल आफैं संयुक्त राष्ट्रसङ्घको मानवअधिकार परिषद्को सदस्य पनि हो । नेपालले अरु देशको मानवअधिकारको विषयमा त्यहाँ बसेर मूल्याङ्कन पनि गर्छ । तर, आफ्नै प्रतिबद्धता भने पटक पटक उल्लैन गर्दा यसले हाम्रो अन्तर्राष्ट्रिय मानवअधिकार छविलाई पनि धुमिल बनाइरहेको अवस्था छ । हाम्रो देशको वैधता, विश्वसनीयतामा पनि क्षयीकरण भइरहेको छ । यसलाई हामीले भूराजनीतिक कार्डको रुपमा खेल्ने कार्डकोरुपमा प्रयोग गर्न दिइरहेका छौं।

कहिले यो विषयलाई भारतले पनि जेनेभामा उठाएको छ । यसो गर्दा यो जस्ले जतिखेर उठाउने विषय भएको छ । त्यो मौका हामीले नै दिएका हौं । देशभित्र पनि पीडितको एकखालको विद्रोहलाई पनि मौका दिएको अवस्था छ । जस्तै, प्रचण्ड, बाबुरामकोविरुद्धमा सर्वोच्चमा मुद्दा, बाल लडाकुको मुद्दा यो सबैलाई हामीले नै मौका दिएका हौं । यो पीडितको शान्तिपूर्ण विद्रोह हो । कतिपयले विश्वव्यापीरुपमा आफ्नो मुद्दा लैजान सकिन्छ कि भनेर पनि प्रयास गर्दै हुनुहोला । राष्टसङ्घको कतिपय मानवअधिकार समितिमा त्यहाँ पनि पीडितहरुले उजुरी हाल्नुभएको छ । त्यसकारण यो सबै मौका हामीले नदिइ देशभित्रै यसलाई सल्टाउनु पर्छ । यसका लागि कानुनी क्षमता पनि हासिल गर्नुपर्यो । राजनीतिक इच्छाशक्ति पनि हुनुपर्यो । र, कानुन बनाएर, संस्थागत संरचना बनाएर हामीले गरेर पनि देखाउनुपर्छ ।

*साभार: उज्यालो अनलाइन*

# आँचल बिकिनीमा खुल्दा स्वस्तिमा गाउँले पहिरनमा चिटिक्क






काठमाडौं/रामबाबु गुरुङ निर्देशित फिल्म 'डिग्री माइला'को दोस्रो चरणको छायांकन तिहारपछि हुँदैछ । दशैंअघि ओखलढुंगामा पहिलो चरणको छायांकन सकाएको यो फिल्म अहिले विश्राममा छ ।

यो विश्रामको मौकामा दयाहाङ राई 'रंगेली' र 'अञ्जिला'मा व्यस्त छन् भने आँचल शर्मा विदेश भ्रमणमा छिन् । यो मौकामा आँचल पति उदीप श्रेष्ठसँग फिलिपिन्स घुम्न निस्किएकी छन् । इन्स्टाग्राममा उनले फिलिपिन्स घुमघामका हट र रोमान्टिक तस्वीर सेयर गरेकी छन् ।

बिकिनीमा खुलेकी आँचलको उदीपसँग रोमान्टिक दृश्यलाई मनिलाको समुन्द्री तटमा देख्न सकिन्छ । जहाँ उनीहरुले 'कपल-होलिडे'को रमाइलो गरिरहेका छन् । 'दिनभर घाम, बालुवा र मुस्कान' आँचलको क्याप्सन छ ।

अर्कोतर्फ, अभिनेत्री स्वस्तिमा खड्कालाई यतिबेला फिल्म प्रवर्द्धनको चटारो छ । 'भष्मे डन' हलमा चल्दै गर्दा स्वस्तिमा यतिबेला तिहारमा प्रदर्शनको तयारीमा रहेको 'दिमाग खराब'को प्रचारमा जुटेकी छन् ।'दिमाग खराब'को क्यारेक्टर तस्वीर इन्स्टाग्राममा सेयर गर्दै स्वस्तिमा लेख्छिन्, 'तपाईंले पशुपतिप्रसाद : भष्मे डनमा मैनालाई देखाउनुभएको मायाको लागि धन्यवाद । अब पालो दिमाग खराबको ।' यो तस्वीरमा स्वस्तिमालाई ग्रामीण विवाहित महिलाको भूमिकामा देख्न सकिन्छ ।स्वस्तिमा र आँचल अहिलेका व्यस्त अभिनेत्री हुन् ।

# ट्राफिक चेकिङमा नागरिक एपबाटै ड्राइभिङ लाइसेन्स देखाउँदा हुने




काठमाडौं / अब ट्राफिक नियम उल्लंघन नगरी सवारी चलाउँदा चेकजाँचमा नागरिक एपबाटै सवारी चालक अनुमति पत्र (ड्राइभिङ लाइसेन्स) देखाउन मिल्ने भएको छ । राष्ट्रिय सूचना प्रविधि केन्द्रका अनुसार मन्त्रिपरिषदको निर्णयअनुसार नागरिक एपमा चालकले अन्तरआवद्ध गरेको सवारी चालक अनुमति पत्रलाई चेकजाँचका क्रममा मान्यता दिन थालिएको हो ।

यसका लागि प्रहरी प्रधान कार्यलयले मातहतका ट्राफिक कार्यालयहरुलाई परिपत्र गरिसकेको केन्द्रका एक अधिकारीले बताए । 'ट्राफिकले क्रममा कारवाही गर्नुपर्दा नागरिक एपमा देखाइएको लाइसेन्सले काम गर्दैन,' एक अधिकारीले भने,'तर, सक्कल लाइसेन्स नबोकेको अवस्थामा देखाउनका लागि मात्रै हो भने नागरिक एपमा आफ्नो लाइसेन्स देखाउँदा पनि हुन्छ ।' सरकारले नागरिक एपमै दर्ता भएका सवारी साधनको विवरणसहित ट्राफिक नियम उल्लंघनमा कारवाहीमा परेको विवरण समेत राख्ने तयारी हुँदैछ । यसले ट्राफिक प्रहरीलाई सवारी चेकजाँचमा थप सहज हुनेछ ।सूचना प्रविधि केन्द्रले आफ्नो यदि नागरिक एपमा सवारी चालक अनुमति पत्र लिंक गर्न चालकहरुलाई अनुरोध गरेको छ ।

# गोली प्रहारबाट घाइते भएका प्रधानाध्यापक सरार्फको मृत्यु



बारा /गोली प्रहारबाट घाइते भएका बारा जिल्लास्थित बाल एकता इङ्लिस बोर्डिङ्ग स्कुलका प्रधानाध्यापक रुपेश सरार्फ (गुड्डु) को मृत्यु भएको छ । बाराका प्रहरी उपरीक्षक सुरेश काफ्लेका अनुसार सर्राफको उपचारको क्रममा वीरगञ्जस्थित बयोधा अस्पतालमा मृत्यु भएको हो । सोमबार दिउँसो सर्राफलाई २ वटा मोटरसाईकलमा आएका ४ जनाको समूहले गोली हानेको थियो । कलैया-६ मदर्शा टोलमा सर्राफमाथि गोली प्रहार भएपछि उनलाई उपचारका लागि कलैया अस्पताल हुदै वीरगञ्जको बयोधा अस्पताल लगिएको थियो ।

# टी-२० विश्वकप छनोटमा नेपालको उत्कृष्ट सुरूआत




काठमाडौं /आइसिसी टी-२० विश्वकप २०२४ अन्तर्गत एसिया छनोटमा नेपालले उत्कृष्ट सुरूआत गरेको छ। सोमबार कीर्तिपुरस्थित त्रिवि मैदानमा सिंगापुरमाथि ८ विकेटको जित निकाल्दै नेपालले विजयी सुरूआत गरेको हो।

सिंगापुरले दिएको १४६ रनको लक्ष्य नेपालले १६.३ ओभरमा २ विकेट गुमाएर पार गर्‍यो।

नेपालको जितमा ओपनर कुशल भुर्तेलले उत्कृष्ट ब्याटिङ गरे। उनले ७४ रनको योगदान गर्ने क्रममा ४८ बलमा ८ चौका र २ छक्का प्रहार गरे। २६ बलमा अर्धशतक पूरा गरेका कुशलको यो सातौं टी-२० अन्तर्राष्ट्रिय अर्धशतक हो।

नेपालका अर्का ओपनर आसिफ शेखले २७ रन बनाए। उनले २६ बलमा २ चौका र १ छक्का प्रहार गरे। कुशल र आसिफबीच पहिलो विकेटका लागि ९.१ ओभरमा ८४ रनको साझेदारी हुँदा नेपाल सहज रुपमा अघि बढेको थियो। कप्तान रोहित पौडेलले २४ बलमा नटआउट ३५ रन जोड्दा एक बल सामना गरेका कुशल मल्लले छक्का प्रहार गरे।

त्यसअघि विहान टस जितेर पहिले ब्याटिङ गरेको सिंगापुर ले ९ विकेटको क्षतिमा १४५ रन जोड्यो। सिंगापुरले पहिलो ओभर मै कप्तान अरित्रा दत्तलाई शून्यमा गुमाए पनि दोस्रो विकेटका लागि ५२ रनको साझेदारी गर्‍यो।

सन्दीप लामिछानेले दोस्रो विकेट लिएसँगै नेपालले सिंगापुर माथि दबाब बनाएको थियो। सन्दीपले छैटौं ओभरको पाँचौ बलमा सिंगापुरका सुरेन्द्रन चन्द्रमोहनलाई ६ रनमा बोल्ड गरेका थिए।


गुल्सन झाले आठौं ओभरमा २ विकेट लिएपछि नेपाल खेलमा हावी भएको थियो। गुल्सनले रोहन रंगराजनलाई ४६ रनमा सन्दीप जोराबाट क्याच गराए। सिंगापुरका लागि सबैभन्दा बढी रन बनाएका रोहनले ३० बलमा ९ चौका र १ छक्का प्रहार गरे। चार बलपछि गुल्सनले अमार्त्य कौललाई शून्यमा आउट गरेका थिए।

त्यसपछि सन्दीपले जनकप्रकासलाई ७ रनमा एलबिडब्लूको धरापमा पारे। अभिनास बोहराले १८औं ओभरमा दुई विकेट लिने क्रममा थिलिपनलाई १ रन र अनन्थ कृष्णालाई शून्यमा क्याच आउट गराए। त्यसअघि सिंगापुरका कप्तान अरित्रा दत्तलाई नेपालका करण केसीले इनिङ्सको दोस्रो बलमै बोल्ड गर्दै नेपाललाई राम्रो सुरुवात दिलाएका थिए। अन्तिम ओभरमा अभिनास बोहराले अर्भवीर चौधरीलाई ३७ रनमा आउट गरेका थिए।

बलिङमा नेपालका अभिनास बोहराले ३ विकेट लिए। उनले ४ ओभरमा १ मेडन राख्दा ४३ रन खर्चिए। गुल्सन झा, करण केसी र सन्दीप लामिछानेले २-२ विकेट लिन सफल भए।

छनोटमा नेपाल समूह 'ए' मा छ। समूहमा नेपालसँगै सिंगापुर, मलेसिया र ओमान छन्। अब नेपालले भोलि मलेसियासँग दिउँसो १:३० त्रिवि मैदानमै खेल्नेछ। भोलिको खेलमा जित निकाले नेपालको सेमिफाइनल सम्भावना बलियो हुनेछ। नेपालले समूहको अन्तिम खेलमा बिहीबार ओमानसँग खेल्नेछ।समूहका शीर्ष दुई टिम सेमिफाइनल पुग्नेछन्।सेमिफाइनलमा जित हात पारे आगामी वर्ष अमेरिका र वेस्ट इन्डिजमा हुने विश्वकपमा स्थान पक्का हुनेछ।

# कम्बोडियामा तीन हजार करोड लगानी गरेको पत्ता लगाउनुस्, एक हजार थपेर सबै दिन्छु: ओली



नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले कम्बोडियामा तीन हजार करोड लगानी गरेको पत्ता लगाउन चुनौती दिएका छन्।'कम्बोडियामा ३ हजार करोड मैले राखेको छु भने धेरै नाफा हुने विजनेस दिन्छु,' एमाले गण्डकी प्रदेशले पोखरामा सोमबार गरेको कार्यक्रममा ओलीले भने, 'देशको यत्रो पैसा लुकाएको रहेछु भने पत्ता लगाउनुस्, धेरै त छैन एक हजार रुपैयाँ थपेर सबै दिन्छु।'

आफू र एमालेलाई बदनाम बनाउन विदेशमा पैसा लगानी गरेको छ भन्नेजस्ता आरोप लगाइने गरिएको ओलीको भनाइ छ।पहिले स्वीस बैंकमा र अहिले कम्बोडियामा पैसा राखेको भनेर हल्ला चलाइएको उनले बताए।

मेडिकल व्यवसायी दुर्गा प्रसाइले केही दिनअघि ओलीले कम्बोडियाको टेलिकममा ३० अर्ब लगानी गरेको बताएका थिए। उक्त विषयमा ओलीले जवाफ दिँदै प्रमाणित गर्न चुनौती दिएका छन्। यस्ता आरोप लगाउनेलाई ओलीले 'भुस्याहा कुकुर'को संज्ञा दिए।

पेट र मुख छ भनेर जे पनि खान्छ भन्ने नभएको भन्दै उनले राज्यको ढुकुटीबाट एक पैसा पनि खल्तीमा हाल्छ भने त्यो अपराध भएको बताए।'राज्यको ढुकुटीबाट १ पैसा पनि आफ्नो खल्तीमा हाल्छ भने त्यो अपराध हो, एमाले यसको विरोधमा छ, कुनै कम्प्रमाइज गर्दैन,' उनले भने। आफू र श्रीमतीका नाममा भएका सबै सम्पत्ति दान गरि सकेको भन्दै ओलीले अर्काका लागि भ्रष्टाचार नगर्ने बताए।

'मैले र श्रीमतीले सबै सम्पत्ति दान गरिसकेका छौं, कसका लागि सम्पत्ति राख्ने,' उनले भने, 'मैले भ्रष्टाचार गर्ने, अरुलाई दिने मुर्खता केपी ओलीले गर्दैन।'अर्को प्रसंगमा ओलीले क्विन्टलका क्विन्टल सुन तस्करी ढाकछोप गर्न प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड लागिपरेको आरोप लगाए। क्विन्टलमा सुन बरामद गर्दा पछि ६० किलो भएको र भेपमा बरामद परेको साढे नौ किलो सुन किलोमा झरेको उनको दाबी थियो।

'क्विन्टलका क्विन्टल सुन तस्करी हुन्छ, डकैती भइरहेको छ देशमा,' उनले भने, 'साढे नौ किलो भेपमा आएको सुन २ किलो हुन्छ सरकारलाई कुनै अप्ठ्यारो लाग्दैन।'बरामद भएका सुन डकैती भएको भन्दै उनले चोरी भयो कि वितरण भयो थाहा नभएको बताए। 'बरामद सुन स्टोरमा छैन, भन्सारमा छैन, कति पास भयो थाहा छैन,' उनले भने, 'चोरी भयो कि, वितरण भयो, के भयो त्यहीबाट हरायो, यो कुरा ढाकछोप गर्न प्रधानमन्त्री लाग्नुभएको छ।' *स्रोत: सेतोपाटी*

# पुँजीगत खर्च भन्दा ऋणको साँवाव्याज भुक्तानीमा तीन गुणा बढी




काठमाडौं/चालु आर्थिक वर्ष २०८०/८१ को पहिलो तीन महिनामा सरकारले गरेको पुँजीगत खर्चको तुलनामा सार्वजनिक ऋणको साँवाव्याज भुक्तानी दायित्व करिब तीनगुणा बढी देखिएको छ । सरकारी ऋण बर्सेनि बढ्दै गएसँगै त्यसको साँवा र ब्याज भुक्तानीका लागि हुने खर्च पनि बढ्दै गएको हो ।

महालेखा नियन्त्रक कार्यालयको तथ्याङ्कअनुसार कात्तिक १२ गतेसम्ममा सरकारले रू २५ अर्ब ७८ करोड ९० लाख बराबर पुँजीगत खर्च गरेको छ । त्यस्तै गत असोज मसान्तसम्ममा सरकारी ऋणको साँवाब्याज तिर्न रू ६७ अर्ब ७० करोड ७१ लाख खर्च भएको सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको तथ्याङ्कबाट देखिन्छ । यो अवधिमा भएको कुल पुँजीगत खर्चको तुलनामा सरकारी ऋणको साँवाब्याज तिर्न भएको खर्च करिब तीनगुणाले बढी हो ।

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले प्रकाशित गरेको असोज मसान्तसम्मको सरकारी ऋणको विवरणअनुसार यो अवधिसम्ममा आन्तरिक ऋणको साँवा रू ४२ अर्ब ८४ करोड १७ लाख र ब्याज रू १३ अर्ब ७१ करोड ५० लाख ब्याज गरी कूल रू ५६ अर्ब ५५ लाख ६७ लाख बराबर भुक्तानी भएको छ ।

**त्यस्तै, बाह्य ऋणको रू आठ अर्ब ७०**

करोड ३६ लाख साँवा र रू दुई अर्ब ४४ करोड ६८ लाख ब्याज गरी कूल रू ११ अर्ब १५ करोड चार लाख बराबर भुक्तानी भएको छ । त्यस्तै चालु आर्थिक वर्षको तीन महिना अवधिमा नेपालले रू ९७ अर्ब ३१ करोड बराबर आन्तरिक र रू नौ अर्ब ४७ करोड ८० लाख बाह्य गरी कूल रू एक खर्ब छ अर्ब ७८ करोड ८० लाख बराबर ऋण लिएको छ ।

योसँगै नेपालको कूल सार्वजनिक ऋण रू २३ खर्ब ५४ अर्ब ५९ करोड ५१ लाख पुगेको कार्यालयले जनाएको छ । गत असोज मसान्तसम्ममा नेपालले रू ११ खर्ब ८३ अर्ब ५७ करोड २१ लाख आन्तरिक र रू ११ खर्ब ७१ अर्ब दुई करोड ३१ लाख बाहृय ऋण तिर्न बाँकी देखिएको हो ।

अर्कोतर्फ सरकारको घाटा बजेटको आँकडा पनि बढ्दै गएको छ । हालसम्म कूल तीन खर्ब तीन अर्ब ६५ करोड ३७ लाख बराबर बजेट खर्च हुँदा राजस्व सङ्कलन भने रू दुई खर्ब ४८ अर्ब २८ करोड ५० लाख बराबर देखिएको छ । अर्थात् हालसम्म सरकारको आम्दानीको तुलनामा खर्च रू ५५ अर्ब ६७ करोड बढी छ ।

# १३ दिनमा ६० प्रतिशतले बढ्यो प्याजको होलसेल मूल्य, खुद्रा दोब्बर

काठमाडौं/असोज मसान्तमा कालीमाटीको होलसेल बजारमा ७६ रुपैयाँ रहेको सुकेको प्याजको मूल्य १३ कात्तिकमा अधिकतम् १ सय २० रुपैयाँसम्म पुग्यो । अर्थात्, गएको १३ दिनमै प्याजको मूल्य ४४ रुपैयाँ अर्थात् ६० प्रतिशतले बढेको छ । होलसेलमै ६० प्रतिशतसम्म मूल्य बढेपछि उपभोक्ताले खरिद गर्ने खुद्रा मूल्य दोब्बरसम्म पुगेको व्यवसायीहरु बताउँछन् ।

नेपालमा खपत हुने अधिकांश प्याज भारतबाट आयात हुन्छ । भारतमा नै प्याजको मूल्य बढेको तथा प्रतिटन ८०० अमेरिकी डलर (प्रतिकिलो १ सय ५ रुपैयाँ) भन्दा कममा निर्यात गर्न नपाइने व्यवस्था लागु गरेपछि नेपाली बजारमा प्याजको मूल्य बढेको व्यवसायीहरुले दाबी गरेका छन् । तर, भारतले शनिबार मात्रै प्याजको निर्यातमा न्यूनतम मूल्य तय गरे पनि नेपालमा भने यसको मूल्य १३ दिनअघिदेखि नै आकाशिन थालेको हो ।

अझ भारतको निर्याण अघि प्रतिकिलो १ सय २ रुपैयाँ प्रतिकिलो रहेको प्याजको मूल्यमा दुई दिनमा नै १८ रुपैयाँको बढोत्तरी भएको छ । जबकि, त्यो व्यवस्थापछि भारतबाट आयात भएको प्याज बजारमा आएकै छैन । तर, पहिल्यै आयात भएको वस्तुमा अस्वाभाविक मूल्य वृद्धि गरिनु कालोबजारी र उपभोक्ता माथिको अपराध भएको भन्दै अधिकारकर्मीहरुले सरकारलाई प्रभावकारी बजार अनुगमन गर्न माग गरेका छन् ।

तर, कृत्रिम भन्डारण गरेर मूल्य बढाएको भन्ने आरोप व्यवसायीहरुले अस्वीकार गरेका छन् । भारतमा मूल्य उच्च भइरहेको र निर्यातमा पनि निश्चित रकमको सीमा तोकिदिएपछि नेपाली बजार प्रभावित बनेको कृषि उपज आलु प्याज आयात निर्यात थोक बिक्री संघका महासचिव प्रकाश गजुरेलले बताए । 'भारतमै खरिद गर्दा प्याजको प्रतिकिलो मूल्य १०७ रुपैयाँजति पर्छ,' उनले भने, 'नेपाल ल्याई पुऱ्याउँदा १२० रुपैयाँ पर्छ, त्यसैले मूल्यवृद्धि हुनु स्वाभाविक नै हो ।'

नेपालमा करिब १५० जना व्यवसायीहरुले प्याज आयात गर्ने गरेका छन् । चालु आर्थिक वर्षको ३ महिना (असोजसम्म) भारतबाट १ अर्ब ३३ करोड रुपैयाँ बराबरको ३२ हजार मेट्रिक टन प्याज आयात गरेको छ । नेपालले वार्षिक ५ अर्ब बढीको प्याज भारतबाट आयात गरेर आफ्नो आवश्यकता पूरा गरिरहेको छ ।

**के हो प्याजमा भारत सरकारको नयाँ नीति ?**

गत शनिबार भारतको वाणिज्य व्यापार मन्त्रालयको अन्तर्राष्ट्रिय व्यापार महानिर्देशनालयले सुकेको प्याज निर्यातमा कडाई गर्न एक सूचना जारी गरेको छ । त्यसअनुसार भारतमा उत्पादन हुने बैंकलोर रोज र कृष्णपुरम जातको सुकेको प्याजको निर्यात मूल्य न्यूनतम ८ सय अमेरिकी डलर प्रतिमेट्रिकटन हुनु पर्ने उल्लेख छ । यो नियम आगामी डिसेम्बर अन्तिम (पुस दोस्रो साता) सम्म कायम रहने छ ।

आन्तरिक बजारमा प्याजको मूल्यमा भएको वृद्धि र यसले उपभोक्तामा पर्ने महँगी नियान्त्रण गर्न भारतले प्याजको निर्यातलाई थप महँगो बनाएको भारतीय सञ्चार माध्यमको दाबी छ । पछिल्लो २ सातायाता भारतीय बजारमा प्याजको मूल्य १६ प्रतिशतसम्मले बढेर भारु ८० रुपैयाँ (१ सय २८ नेपाली रुपैयाँ) प्रतिकिलोसम्म पुगेको द इकोनोमिक टाइम्सले उल्लेख गरेको छ ।

यसरी भारतको आन्तरिक बजार मात्रै होइन, निर्यातमा पनि उच्च मूल्यवृद्धि भएपछि असोज अन्तिमसम्म बजारमा खुद्रा बजारमा प्रतिकिलो ७० देखि ८० रुपैयाँमा पाइने भारतीय सुकेको प्याजको मूल्य अहिले १३० देखि १६० रुपैयाँसम्म पुगेको छ ।

भारतीय बजारमा प्याजको मूल्य बढेपछि त्यसको असर नेपाली बजारमा पनि परेको कालीमाटी फलफूल तथा तरकारी बजार विकास समितिका सूचना अधिकारी विनय श्रेष्ठ बताउँछन् । 'प्याजमा भारतमा निर्भर हाम्रा लागि स्वाभाविक रुपमा सो मूल्यले असर गर्छ । मूल्य महँगो भएका कारण बजारमा प्याजको आयात नै कम भएको छ,' उनले भने ।

असोजसम्म दैनिक करिब एक लाख ७० हजार किलो हाराहारी प्याज आयात हुने गरेकोमा कात्तिक लागेपछि प्याजको आयात आधाभन्दा धेरैले घटेको उनले बताए । अहिले दैनिक ६० हजार किलो हाराहारी मात्रै प्याज आयात भइरहेको श्रेष्ठको भनाइ छ ।


**मुलुकमै प्याज उत्पादनको पाठ, १६ दुना आठ**

४ वर्षअघि २०७६ सालमा भारतले प्याजको निर्यातमा रोक लगाउने निर्णय गर्‍यो । भारतको उक्त निर्णयले नेपाल लगायत असर दक्षिण एशियाली मुलुकहरु नराम्रोसँग प्रभावित हुन पुगे ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140,
057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# नेपालमा सबैभन्दा बढी एकतले घर

साझाकुरा संवाददाता



हेटौंडा, १३ कात्तिक/ नेपालमा सबैभन्दा बढी एकतले घर रहेको तथ्याङ्क सार्वजनिक भएको छ । राष्ट्रिय तथ्याङ्क कार्यालयले सोमबार जारी गरेको राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्कअनुसार नेपालभर रहेका कूल ७५ लाख ५२ हजार ६६ वटा घरहरुमध्ये सबैभन्दा बढी ५९ दशमलव ८२ प्रतिशत एक तले घर रहेको पाइएको हो ।

त्यस्तै, दोस्रोमा २८ दशमलव ७८ प्रतिशत २ तले, ९ दशमलव १७ प्रतिशत ३ तले, १ दशमलव ३ प्रतिशत ४ तले, ० दशमलव ६४ प्रतिशत ५ देखि ७ तले, ० दशमलव १ प्रतिशत ८ देखि ९ तले र ० दशमलव ००३ प्रतिशत १० भन्दा बढी तले घर र हेको देखिएको छ । तथ्याङ्कअनुसार मधेश प्रदेशमा एक तला भएको घर सबैभन्दा बढी अर्थात् ८४ दशमलव ४२ प्रतिशत रहेको छ भने पाँच वा सोभन्दा बढी तला भएको घर बागमती प्रदेशमा सबैभन्दा बढी २ दशमलव ३४ प्रतिशत रहेको छ ।

तथ्याङ्कअनुसार कूल ७५ लाख ५२ हजार ६६ वटा घरहरुमध्ये सबैभन्दा बढी २७ दशमलव ९५ प्रतिशत घर ४ वर्षसम्म पुरानो रहेको छ भने सबैभन्दा कम सय भन्दा बढी वर्षका घरहरु ० दशमलव ५ प्रतिशत रहेको राष्ट्रिय तथ्याङ्क कार्यालयका उप-प्रमुख तथ्याङ्क अधिकारी हेमराज रेग्मीले बताए । त्यसैगरी देशभरका कूल ६६ लाख ६० हजार ८ सय ४१ परिवारमध्ये १० दशमलव २७ प्रतिशत परिवारले आवासीय घर निर्माण गर्दा सरकारी अनुदान लिएको देखिएको छ । उक्त प्रतिशत सबैभन्दा बढी बागमती प्रदेशमा २६ दशमलव ६४ प्रतिशत र सबैभन्दा कम सुदूरपश्चिम प्रदेशमा २ दशमलव ९८ प्रतिशत रहेको छ ।

यसैगरी, देशभरका कूल ६६ लाख ६० हजार ८ सय ४१ परिवारमध्ये ४१ लाख २२ हजार ६ सय ९० अर्थात् ६१ दशमलव ८९ प्रतिशत परिवारमा कम्तिमा १ जना सदस्यको बैंक तथा वित्तीय संस्थामा खाता रहेको देखिएको छ । कूल २ करोड ९१ लाख ६४ हजार ५ सय ७८ जनसंख्यामध्ये ७४ लाख ९ हजार १ सय ८१ जना अर्थात् २५ दशमलव ५६ प्रतिशत व्यक्तिको बैंक तथा वित्तीय संस्थामा कम्तिमा एउटा खाता रहेको पाइएको छ ।

यसैगरी, कूल १ करोड ४२ लाख ५३ हजार ५ सय ५१ जना पुरुषमध्ये २६ दशमलव ४२ प्रतिशत र कूल १ करोड ४९ लाख ११ हजार २७ जना महिलामध्ये २४ दशमलव ७४ प्रतिशतको बैंक तथा वित्तीय संस्थामा एउटा खाता रहेको छ ।

राष्ट्रिय तथ्याङ्क कार्यालयले सार्वजनिक गरेको तथ्याङ्कअनुसार देशभरका कूल ६६ लाख ६० हजार ८ सय ४१ परिवारमध्ये ८ लाख ३६ हजार १ सय २७ अर्थात् १२ दशमलव ५५ प्रतिशत परिवारमा कम्तिमा १ जना व्यक्तिले प्राविधिक तथा व्यावसायिक शिक्षा वा तालिम लिएको देखिएको छ । जम्मा १० लाख ८१ हजार ६ सय ४६ जना व्यक्ति अर्थात् ५ दशमलव ६७ प्रतिशत व्यक्तिले उक्त तालिम लिएको जनाइएको छ । देशभरका कूल ६६ लाख ६० हजार ८ सय ४१ परिवारमध्ये २५ दशमलव ५९ प्रतिशत परिवारले कुनै बैंक तथा वित्तीय संस्था वा सहकारीबाट ऋण लिएको देखिएको छ । नेपालमा करिब ६ लाखभन्दा बढी घरहरु रित्तो अवस्थामा रहेको तथ्याङ्क छ ।

# चित्लाङमा वर्षौं पुरानो कार्तिके नाच

साझाकुरा संवाददाता



हेटौंडा, १३ कात्तिक/ मकवानपुर जिल्लाको उत्तरी क्षेत्रस्थित थाहा नगरपालिकाको चित्लाङमा कार्तिके नाच सुरु भएको छ ।

करिब पाँचसय वर्ष पुरानो भनिएको नाच दशैंको कोजाग्रत पूर्णिमादेखि सुरु भएर ३ रातसम्म संचालन हुने गर्दछ । पूर्णिमाको अघिल्लो दिन स्वच्छन्द भैरवको रथ भैरबथानमा लगेपछि नाचको चहलपहल सुरु हुने गर्दछ । उक्त रथ पूर्णिमाको दिन जात्रा गर्दै गाउँमा ल्याएपछि चैत्य डवलीमा नाच सुरु हुने स्थानीय निर्मल बलामीले बताए । गाउँका मुख्य गुरु रामकृष्ण बलामीको घरमा पूजा गरी ५ वटा देवताको नाच निकालिन्छ ।

१२ वर्षमा एकपटक ९ वटा देवताको नाच देखाउने गरिन्छ भने वर्षैपिच्छे देखाइने नाचमा भने ५ वटा देवताको नाच देखाइन्छ । खटमा गणेश, भैरब, बराही, कुमारी र महालक्ष्मीको नाच देखाइएको बलामीले बताए । नाच हेर्न स्थानीयवासी रातभर जाग्राम बस्ने गर्दछन् । काठमाडौं, ललितपुर, मार्खु, फाखेललगायत क्षेत्रबाट जात्रा हेर्न ठूलो संख्यामा आउने गरेको भएपनि यसपटक भने मानिसहरुको कमै उपस्थिति रहेको छ ।

## मोटरसाइकल हरायो

निम्न व्यहोराको मोटरसाइकल २०८० साल कार्तिक ३ गते हेटौंडा-२ नगरपालिका रोड सिद्धार्थ मा.वि. गेट अगाडि पार्किङ्ग गरी राखेको अवस्थाबाट दिउँसो १:३० बजेदेखि १:४० बजेको बिचमा हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न फोन नम्बरमा खबर गरिदिनु हुन अनुरोध गरिन्छ ।

**मोटरसाइकल नम्बर:** बा प्र-०३-००५ प ७३४०
**मोटरसाइकल धनीको नाम:** राज कुमार श्रेष्ठ
**मोठसाइकलको ब्राण्ड (नाम):** बजाज पल्सर, २२० सीसी
**मोठरसाइकलको रंग:** कालो रातो
**मोठरसाइकल बनेको वर्ष:** सन् २०२३
**चेचिस नम्बर:** MD2A13EX8NCM85612
**इन्जिन नम्बर:** DKXCNM39853
**सम्पर्क फोन नम्बर:** ९८४६२१७१७६

## जग्गा भाडामा दिने सम्बन्धी सूचना !

*(प्रथम पटक प्रकाशित मिति २०८०।०७।१४ गते)*

प्रस्तुत विषयमा नारायणी यातायात व्यवसायी संघको नाममा रहेको हेटौंडा उपमहानगरपालिका वडा नं. ९, जेसिस भवनको दक्षिणपट्टिको जग्गा (जग्गाको कि.नं. ४१७१, जग्गाधनी प्रमाण पुर्जा बमोजिम जग्गाको क्षेत्रफल ०-५-३ १/२ ) तपसिल बमोजिमको सर्तमा ५ (पाँच) बर्षका लागि भाडामा दिनु परेकोले इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्रमा पिपि साइजको फोटो टाँस गरी रीतपूर्वक सिलबन्दी आवेदन संघको मुख्य कार्यालय हेटौंडामा दर्ता गर्नुहुन जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. जग्गा भाडामा लिई के काम गर्ने हो ? जग्गाको प्रयोजन स्पष्ट खुलाउनु पर्नेछ ।
२. जग्गा भाडा प्रति महिना के कति बुझाउने हो ? अंक र अक्षरमा स्पष्ट लेख्नु पर्नेछ । अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।
३. सिलबन्दी आवेदन पत्रसाथ १ महिनाको कबोल गरेको भाडा रकम नगदै संलग्न गर्नु पर्नेछ । सो नगरेको पाइएमा आवेदन रद्ध हुनेछ ।
४. आवेदन रकम (मासिक भाडा) न्यूनतम रु.२५,०००।०० (पच्चिस हजार) हुनुपर्नेछ ।
५. आवेदन दिने अन्तिम दिनको बेलुका ५ बजे आवेदकहरुको रोहवरमा सिलबन्दी आवेदन खोलिनेछ । आवेदकहरु उपस्थित नभएमा पनि सिलबन्दी आवेदन खोल्न कुनै वाधा पर्नेछैन ।
६. आवेदन सम्बन्धि अन्तिम निर्णय गर्ने अधिकार संघको कार्य समितिमा निहित रहनेछ । आवेदनसाथ कबोल गरेको रकम नै अन्तिम निर्णयको आधार हुन सक्नेछैन ।
७. संघले छनौट गरेको आवेदकले सम्झौता गर्न आउंदा सम्झौता साथ कबोल गरेको ३ महिनाको जग्गा भाडा बराबरको रकम धरौटी स्वरुप जम्मा गर्नुपर्नेछ । धरौटी रकम सम्झौता भंग भएको अवस्थामा मात्र आवेदकले फिर्ता पाउनेछ ।
८. आवेदन सम्बन्धमा संघले निर्णय गरी ७ दिन भित्रमा जग्गा भाडामा दिने/लिने सम्बन्धमा सम्झौता गर्न आउनु भनि सूचना टाँस गर्नेछ । सो म्यादभित्रमा सम्झौता गर्न नआएमा आवेदकले जम्मा गरेको रकम ल्याप्स (जफत) हुनेछ । यसका विरुद्धमा कहिंकतै उजुर वाजुर गर्न पाइने छैन ।
९. जग्गा भोग चलन गर्दा हाल जग्गालाई गरिएको घेराबार (कम्पाउण्ड वाल) भित्रको जग्गा मात्र प्रयोग गर्नुपर्नेछ । यस मुताविक जग्गाधनी प्रमाण पुर्जा बमोजिमको क्षेत्रफलमा फरक पर्नेछ ।

**नारायणी यातायात व्यवसायी संघ**
मुख्य कार्यालय हेटौंडा
हेटौंडा-४, पारिजातपथ, फोन नं. ०५७-५२०६७०

# पालुङ प्राधिकरणले काट्यो २८ ग्राहकको लाइन

साझाकुरा संवाददाता

हेटौंडा, १३ कात्तिक/ नेपाल विद्युत प्राधिकरण पालुङ वितरण केन्द्रले बक्यौता महशुल नतिर्ने स्थानीय २८ उपभोक्ताहरुको लाइन काटेको छ ।

पालुङ वितरण केन्द्रले सोमबार एकै दिन महशुल नतिर्ने २८ ग्राहकको लाइन काटेको हो । लामो समयदेखि बक्यौता नतिर्ने ग्राहकको लाइन काट्न पालुङ प्राधिकरणले सुरु गरेकै दिन सोमबार वितरण केन्द्रअन्तर्गत्का औद्योगिक व्यावसायिक तथा घरेलु गरी २८ ग्राहकको लाइन काटेको पालुङ वितरण केन्द्रका प्रमुख माधव न्यौपानेले जानकारी दिएका छन् । विद्युत उपभोक्ताबाट असुल उपर गर्नुपर्ने विद्युत महसुल बक्यौता बृद्धि हुँदै गएपछि पालुङ वितरण केन्द्रले लाइन काट्ने अभियान नै चलाएको छ ।

विद्युत महसुल समयमा भुक्तान नगर्ने उपभोक्ताको विद्युत महसुल संकलन विनियमावली, २०७८ बमोजिम मिटर रिडिङ भएको ६० औं दिनसम्म पनि बक्यौता महसुल नबुझाउने उपभोक्ताको विद्युत लाइन काट्न सकिने प्रावधान रहेको र पटक पटक सार्वजनिक सूचनामार्फत् जानकारी गराउँदा पनि अटेर गरी महशुल नबुझाउने ग्राहकको लाइन काट्न सुरु गरिएको केन्द्र प्रमुख न्यौपानेले बताए । १५ हजार ग्राहक रहेको पालुङ वितरण केन्द्रमा २ करोड १० लाख ९३ हजार १ सय ६३ रुपैंया बक्यौता पुगेको छ ।

प्राधिकरणले पालुङ वितरण केन्द्रसहित बज्रबाराही, मार्खु, फाखेल, सिस्नेरीलगायत फ्यूज सेवालाई परिचालन गरेर एकैपटक सबैतिर बक्यौता नतिर्ने ग्राहकको लाइन काटिएको र सोमबार काटिकएका २८ मध्ये १३ ग्राहकले ५ लाख ७५ हजार महशुल भुक्तानी गरी लाइन जोडान गरिसकेको वितरण केन्द्रका लेखा प्रमुख सुमन शिवाकोटीले जानकारी दिएका छन् । सोमबारबाट सुरु भएको अभियानलाई निरन्तर संचालन गरी बक्यौता रहेका सबै ग्राहकको लाइन काटिने पालुङ प्राधिकरणले चेतावनी दिएको छ ।

# मनहरी-२ मा भिमान स्मृति फुटबल हुँदै

साझाकुरा संवाददाता

हेटौंडा, १३ कात्तिक/ मकवानपुर जिल्लाको पश्चिमी क्षेत्रस्थित मनहरी गाउँपालिकाको २ नम्बर वडामा प्रथम वडा अध्यक्ष भिमान स्मृति फुटबल प्रतियोगिता आयोजना गरिने भएको छ ।


खेलकुद विकास समिति मनहरी-२ ले नेपालीहरुको महान पर्व शुभ दीपावलीको अवसरमा उक्त प्रतियोगिताको आयोजना गर्न लागेको हो । प्रतियोगिता यही कात्तिक २० गतेदेखि सुरु हुनेछ । त्रिरत्न प्राविको खेल मैदान मनहरी-२ मा हुने उक्त प्रतियोगितामा सहभागी हुन कात्तिक १८ गतेसम्ममा टिम दर्ता गर्नुपर्ने आयोजकले जनाएको छ ।

टिम दर्ता गर्न ५ हजार रुपैयाँ शुल्क लाग्नेछ भने टिममा एउटा वडाका खेलाडी अर्को वडामा समावेश गर्न नपाइने नियम बनाइएको छ ।

उक्त प्रतियोगिताको बिजेता समूहले ५० हजार ५ सय ५५ रुपैयाँ र उपविजेता समूहले २५ हजार ५ सय ५५ रुपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्ने आयोजकले जानकारी दिएको छ ।

चाडपर्वलाई पारिवारिक भेटघाटको अवसरका रुपमा प्रयोग गरौं ।
हाम्रा साँस्कृतिक पर्वहरुको जगेर्ना गरौं ।।
चाडपर्वमा अनावश्यक खर्च नगरौं ।
मद्यपान र जुवातास जस्ता विकृतिको अन्त्य गरौं ।।
नेपाल सरकार
विज्ञापन बोर्ड

जय शिव शम्भो
धार्मिक यात्रामा जाने हो ?



मथुरा, वृन्दावनको लागि २०८० मंसिर १४ गते रिजर्भ बस खुल्दैछ
*(दर्शनीय स्थानहरु: राम जन्मभूमि अयोध्या, नैमिसारण्य, मथुरा, वृन्दावन, गोकुल, गोवर्धन, नन्दगाउँ, वर्सानाहुँदै ८ देखि ९ दिनमा नेपाल आइपुगिनेछ ।)*
भाडा प्रतियात्रु ने.रु. १६,०००।- लाग्नेछ ।
(विहान बेलुकाको खानासहित)
*(नोटः रिक्सा, टाँगा, धर्मशाला अन्य खर्च यात्रु स्वयम्ले व्यहोर्नु पर्नेछ ।)*
सम्पर्क:
गोपाल थापा
हेटौंडा बसपार्क
९८४५२९७६८१

# एमाले मकवानपुरको अधिवेशन माघ महिनाभित्र




साझाकुरा संवाददाता

हेटौंडा, १३ कात्तिक/ नेकपा (एमाले) मकवानपुरको जिल्ला र पालिका तहको अधिवेशन माघ महिनाभित्र गरिसक्नुपर्ने भएको छ ।

एमालेले माघ महिनाभित्र सबै जिल्ला र पालिका कमिटीको अधिवेशन गर्ने निर्णय गरेसँगै मकवानपुरमा अधिवेशन हुने निश्चित भएको छ । पार्टीको संगठन विभागले आगामी माघ महिनाभित्रमा सबै जिल्ला र पालिका कमिटीको अधिवेशन गर्न निर्णय गरेको एमाले संगठन विभागका सचिव माधवप्रसाद ढुंगेलले जानकारी दिए । एमालेले भर्खरै मात्रै सात प्रदेश कमिटीको अधिवेशन सकाएको छ । पार्टीले सबै जिल्ला र पालिका तहलाई माघसम्म सम्पन्न गर्ने गरी कार्ययोजना बनाउनसमेत निर्देशन दिएको ढुंगेलले बताए ।

मकवानपुरमा भने २०८० भित्रै अधिवेशन हुने संकेत देखिएपछि विगतदेखि नै चहलपहल बढिरहेको छ । अध्यक्ष, सचिवलगायत पदाधिकारीका सम्भावित उम्मेदवारहरुले विगतदेखि नै लबिङ गरिरहेका थिए । अधिवेशन माघ महिनाभित्रै गर्नुपर्ने पार्टीले निर्णय गरेपछि मकवानपुर एमालेमा अधिवेशनको सरगर्मी बढ्ने निश्चित छ । हाल एमाले मकवानपुरको अध्यक्ष एकालाल श्रेष्ठ र सचिव नविन सिग्देल छन् । पार्टीको यसअघिको निर्णयले जनप्रतिनिधि अध्यक्ष वा सचिवमा उम्मेदवार हुन नपाउने भएपछि अध्यक्षका श्रेष्ठ र सचिवसमा सिग्देल दोहोरिने सम्भावना न्यून छ ।

एमाले मकवानपुरको वर्तमान पदाधिकारीमा अध्यक्ष श्रेष्ठ, सचिव सिग्देल, उपसचिव हिदम लामा जनप्रतिनिधि छन् । एमाले मकवानपुरले जनप्रतिनिधि बाहिर बाटै नेतृत्व चयन गर्नेछ । अध्यक्षमा श्रीधर पोखेल, वर्तमान उपाध्यक्ष लालबहादुर थापालगायतका नेताहरु सम्भावित उम्मेदवार हुन सक्नेछन् । एमाले मकवानपुरको नेतृत्व चयनमा निर्वाचन हुने सम्भावना बढी रहेको एक नेताले बताए । 'प्रदेश अधिवेशनको सन्देशबाटै देखिन्छ कि निर्वाचन हुनेछ, नेतृत्वको आकांक्षी धेरै हुनेछन्, मकवानपुरमा पनि दुई धार निश्चित छ, त्यसैले निर्वाचन हुँदैन भन्न सकिँदैन, कार्यकर्ताले निर्वाचन नै खोजेका छन् ।', एक नेताले भने ।

यसैगरी, पार्टीका जनसंगठनको प्रदेश तथा जिल्ला तहका अधिवेशन आगामी मंसिर र वडा कमिटीको अधिवेशन चैत मसान्तभित्र आयोजना गर्ने निर्णय गरेको संगठन विभागका सचिव ढुंगेलले जानकारी दिए । पार्टीले वडा कमिटीको अधिवेशनसँगै पुन: फागुन र चैत्रमा पार्टी सदस्यता नवीकरण अभियान सञ्चालन गर्ने भएको छ । गत साउनमा गरिएको पार्टी सदस्यता अभियान र नवीकरणमा करिब पाँच लाख ५० हजार पार्टी सदस्यता पुगेका छन् । केन्द्रीय संगठन विभागबाट प्रमाणीकरण गरिएको नवीकृत सदस्यहरुको सूचीमा रहेका पाटी सदस्यले मात्र स्थानीय पार्टी अधिवेशनको प्रक्रियामा सहभागी हुन पाउनेछन् ।

यस्तै, साउनदेखि रोकिएको सदस्यता स्थानान्तरण कार्यलाई पनि खुला गर्ने निर्णय गरेको विभागका सचिव ढुंगेलले बताए । सदस्यता स्थानान्तरण गर्न चाहने सदस्यले सम्बन्धित जिल्लाको अधिवेशनको मिति नतोकिँदासम्म आफ्नो सदस्यता स्थानान्तरण गर्न पाउनेछन् । यसैगरी, पार्टीले विभिन्न कारणले कारबाहीमा परेकालाई लिखितरुपमा आत्मालोचना गरेको अवस्थामा पार्टी काममा फर्काउने समेत निर्णय गरेको ढुंगेलले जानकारी दिए ।

**हेटौंडा उपमहानगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

## व्यवसाय दर्ता घुम्ती शिविर सञ्चालनसम्बन्धी सूचना

हेटौंडा उपमहानगरपालिका क्षेत्रभित्र व्यापार वा पेशा व्यवसाय संचालन गरिरहनु भएकाहरुको लागि आ.व. २०८०/८१ को पौष मसान्तसम्म व्यवसाय दर्ता गर्न आएमा एक पटकको लागी विगत ३ वर्षको मात्र राजश्व लिई व्यवसाय दर्ता घुम्ती परिचालन टोली निम्न वडा ३, ४, ५, ६, ७, ८, ९, ११, १२, १३, १४, १५, १६, १७, १८ र १९ वडाहरुमा मिति २०८० कात्तिक १३ गते देखि पौष मसान्तसम्म तपशिल अनुसारको मितिहरुमा सन्चालन गरिने भएको हुंदा सम्बन्धित व्यवसायी, उद्यमी, सस्थागत विद्यालय, निजी कम्पनि, व्यापार व्यवसाय लगायतका बिभिन्न आयमूलक काममा संलग्न फार्महरुलाई व्यवसाय दर्ता गर्नु हुन जानकारी गराईन्छ । र बांकी वडाका व्यवसायीहरुले आफुलाई पायक पर्ने वडा तथा हे.उ.म.न.पा.को राजश्व शाखामा आई व्यवसाय दर्ता गर्न सकिने छ । साथै व्यवस्थाय दर्ता गर्न आउँदा तपशिलका कागजात लिइ आउनु हुन अनुरोध गरिन्छ ।

**तपशिल**:-
१. व्यवसाय दर्ता निवेदन पत्र ।
२. व्यवसाय अन्य निकायमा दर्ता भएको भए सोको प्रतिलिपी ।
३ आफ्नै छ र भएमा लालपुर्जाको फोटोकपी र चालु आ.व. सम्मको एकीकृत सम्पत्ति कर तिरेको रसिदको प्रतिलिपी (एकाघरको हकमा मन्जुरीनामा ) ।
४. बहालमा भएमा घर धनिको लालपुर्जाको फोटोकपी र चालु आ.व. सम्मको एकीकृत सम्पत्ति कर तिरेको रसिदको प्रतिलिपी साथै बहाल सम्झौता पत्रको प्रतिलिपी ।
५. व्यवसायीको नेपाली नागरिकताको फोटोकपी र दुई प्रति पासपोर्ट साइजको फोटो ।
६. कम्पनी/प्रा.लि. को हकमा प्रवन्धपत्र, नियमावली, प्रा.लि.दर्ता प्रमाण पत्रको प्रतिलिपी,अख्तियार नामा लिई दर्ता गर्न आउने व्यक्तिको नागरिकताको प्रतिलिपी, तथा कम्पनीको छाप अनिवार्य ।
७. सर्जिमिन गर्नुपर्ने प्रकृतिका व्यवसायलाई स्थलगत सर्जिमिन मुचुल्का तथा वडाको सिफारिस ।

**पुनश्च** :-
माथि उल्लेखित कागजात नभएमा निम्न कागजाश पेश गर्नु पर्नेछ ।
१. ऐलानी तथा पर्ती जग्गामा अस्थाई बसोबास गर्ने व्यक्तिहरुले जग्गा धनी प्रमाण पुर्जा (निस्सा कार्ड)
२. सम्बन्धित वडा कार्यालयको शिफारिस ।
३. बिगतका सुकुम्बासी समाधान आयोगमा दर्ताको लागि पेश गरेको निस्सा र खानेपानी तथा बिद्युत मिटर जडानको प्रमाइँा लिई आउनु हुन जानकारी गराईन्छ ।

**तपशिलका वडा कार्यालयहरुमा व्यवसाय घुम्तीशिविर सन्चालन गरिने ५ ।**

| सि.नं. | वडा नं. | मिति |
|---|---|---|
| १ | १९ | २०८०/०७/१३ देखि २०८०/०७/१५ |
| २ | ३ | २०८०/०७/१६ देखि २०८०/०७/१९ |
| ३ | ११ | २०८०/०७/२० देखि २०८०/०७/२२ |
| ४ | १२ | २०८०/०७/२३ देखि २०८०/०७/३० |
| ५ | १३ | २०८०/०८/०४ देखि २०८०/०८/०६ |
| ६ | १४ | २०८०/०८/०७ देखि २०८०/०८/१० |
| ७ | १५ | २०८०/०८/११ देखि २०८०/०८/१३ |
| ८ | १८ | २०८०/०८/१४ देखि २०८०/०८/१७ |
| ९ | १७ | २०८०/०८/१८ देखि २०८०/०८/२० |
| १० | १६ | २०८०/०८/२१ देखि २०८०/०८/२४ |
| ११ | ६ | २०८०/०९/२५ देखि २०८०/०८/२७ |
| १२ | ७ | २०८०/०८/२८ देखि २०८०/०९/०१ |
| १३ | ८ | २०८०/०९/०२ देखि २०८०/०९/०४ |
| १४ | ९ | २०८०/०९/०५ देखि २०८०/०९/०८ |
| १५ | ४ | २०८०/०९/११ देखि २०८०/०९/१३ |
| १६ | ५ | २०८०/०९/१६ देखि २०८०/०९/१८ |

**हेटौंडा उपमहानगरपालिका**
**राजश्व प्रशासन शाखा**

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना